
साउन – १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २३, अङ्क ७ | २०७१, साउन १–१५ | पूर्णाङ्क ५२९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.ब.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एशोसिएशन | - सदस्य |
| उपाध्यक्ष श्री अरविन्द कुमार सिंह, प्रतिनिधि, सर्वोच्च अदालत बार एशोसिएशन | - सदस्य |
| निर्देशक प्रा.डा.श्री युवराज संग्रौला, प्रतिनिधि, काठमाडौं स्कुल अफ ल | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री ढाकाराम पौडेल
शाखा अधिकृत श्री राजन बास्तोला
ना.सु.श्री कृष्णबहादुर गुरुङ
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**बिक्री शाखामा कार्यरत् कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री विदुरप्रसाद सापकोटा

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री गीता न्यौपाने
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसूदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मिस्त्री श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
अफसेट प्रेसम्यान श्री सोभा सिग्देल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भै यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ३ |
| संयुक्त | २२ |
| इजलास नं. १ | ६ |
| इजलास नं. २ | १७ |
| इजलास नं. ३ | ५ |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | १६ |
| इजलास नं. ६ | १ |
| इजलास नं. ९ | १ |
| एकल इजलास | ५ |
| रीत/बेरीत आदेश | १ |
| अन्तरिम आदेश | ५ |
| जम्मा | ९१ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसंग्रह

## विषयगत आधारमा

## वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रु.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, सर्वोच्च अदालत एनेक्स भवन
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७१, असार – २, पृष्ठ १०

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवं अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजूरी र सुझाव भए सर्वोच्च अदालत, प्रधान न्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

१६६०—०१—३३३—५५

वा

इमेल ठेगाना

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सर्वोच्च अदालत छापाखाना, रामशाहपथ, काठमाडौं ।

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-३** |
| १. | उत्प्रेषण प्रतिषेध | कमलप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण परमादेश | देवीप्रसाद दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ३. | उत्प्रेषण परमादेश | शालिकराम भट्टराईसमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवाससमेत | |
| **संयुक्त इजलास** | | | **३-८** |
| ४. | उत्प्रेषण परमादेश | पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत | |
| ५. | निषेधाज्ञा | खगेन्द्रप्रसाद चटौतसमेत वि. अन्तुराम डगौरासमेत | |
| ६. | परमादेश | हरिप्रसाद शर्मा आचार्य वि. गृह मन्त्रालयसमेत | |
| ७. | अदालतको अपहेलना | शम्भुप्रसाद थपलिया वि. गोविन्दप्रसाद तिमल्सिना | |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वासुदेव भण्डारी | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लोकबहादुर तामाङ | |
| १०. | उत्प्रेषण परमादेश | अ.वा.अर्जुनकुमार बास्कोटा वि. माधवप्रसाद खनालसमेत | |
| ११. | निषेधाज्ञा परमादेश | बद्रीप्रसाद शर्मा वि. जि.वि.स. को कार्यालय, बागलुङसमेत | |
| १२. | निषेधाज्ञा | विष्णुमाया राजथला वि. तिलकबहादुर नेगीसमेत | |
| **इजलास नं. १** | | | **८-११** |
| १३. | भ्रष्टाचार | नेपाल सरकार वि. विष्णुप्रसाद ज्ञवाली | |
| १४. | कर्तव्य ज्यान | रामबहादुर पुलामी वि. नेपाल सरकार | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमावती पासी | |
| १६. | कर्तव्य ज्यान | खोमनाथ दाहाल वि. नेपाल सरकार | |
| १७. | मोही नामसारी | महारानीदेवी बरैनीसमेत वि. मु.स. गर्ने अमरदेव राउत बरै | |
| १८. | बेलगती मोही लगत कट्टा | महारानीदेवी बरैनीसमेत वि. मु.स. गर्ने अमरदेव राउन बरै | |
| **इजलास नं. २** | | | **११-१७** |
| १९. | परमादेश | कैलीदेवी साह तेली वि. रामप्रसाद वर्णवालसमेत | |
| २०. | अदालतको अपहेलना | भैरवप्रसाद मानन्धर वि. सियारामप्रसाद सिंहसमेत | |
| २१. | अदालतको अपहेलना | बिनोदकुमार दत्त वि. मालपोत कार्यालय, सप्तरीसमेत | |
| २२. | अदालतको अपहेलना | जगन्नाथ मिश्र वि. प्रा.डा.दिनेश विनोद पोखरेलसमेत | |
| २३. | लेनदेन | कृष्णबहादुर लामा वि. राधेश्याम कौशल | |
| २४. | लेनदेन | बौवालाल मेहता वि. रामानन्द साह तेली | |
| २५. | निषेधाज्ञा | मिथिलेश यादव वि. रेणुकुमारी शाहसमेत | |
| २६. | मानाचामल | मचाकाजी सुवालसमेत वि. श्रुती भन्ने मीला सुवालसमेत | |
| २७. | बन्दी प्रत्यक्षीकरण | विपीनकुमार मिश्र वि. जुही ठाकुरसमेत | |
| २८. | उत्प्रेषण परमादेश | डिल्लीप्रसाद प्रसाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २९. | परमादेश | पूर्णचन्द्र भट्टराई वि. हिरालाल शाह | |

| | | |
|---|---|---|
| ३०. | आयकर | ढुण्डिराज पोखरेल वि. श्री गोल्डेन ग्लोब लिकर्स प्रा.लि. विराटनगर |
| ३१. | निषेधाज्ञा | नानीमैया तामाङसमेत वि. गोमादेवी आचार्यसमेत |
| ३२. | निषेधाज्ञा | शिशिरप्रसाद नेपाल वि. अन्नपूर्ण सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ सोसाइटी लि.समेत |
| ३३. | उत्प्रेषण परमादेश | विष्णुबहादुर कार्कीसमेत वि. सुमनप्रसाद शर्मासमेत |
| | **इजलास नं. ३** | **१७-१८** |
| ३४. | कर्तव्य ज्यान | खटरराम मोची वि. नेपाल सरकार |
| ३५. | अंश चलन | शिवनाथ महतो कोइरीसमेत वि. लोचन महतो कोइरी |
| ३६. | उत्प्रेषण परमादेश | कुमार कार्की वि. मालपोत कार्यालय, सिन्धुपाल्चोक चौतारासमेत |
| | **इजलास नं. ४** | **१८-२२** |
| ३७. | उत्प्रेषण परमादेश | खुशीलाल साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| ३८. | मोही नामसारी | मु.स. गर्ने शिवलाल चौधरी वि. आसियादेवी थरूनी |
| ३९. | उत्प्रेषण परमादेश | सीताराम अग्रवाल वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत |
| ४०. | उत्प्रेषण | सुरजबाबु पन्थसमेत वि. जिल्ला वन कार्यालय, गोरखासमेत |
| ४१. | निषेधाज्ञा | खड्गबहादुर रोकाया वि. जि.वि.स. मुगुसमेत |
| ४२. | निषेधाज्ञा | लल्लु खाँ वि. साहिद अली राईसमेत |
| ४३. | निषेधाज्ञा | मानबहादुर पाल वि. हरडी गाउँ जलविद्युत प्रणाली डाडकोट र लिमेटी दार्चुलासमेत |
| ४४. | निषेधाज्ञा | जिवछीदेवी वि. बद्री मण्डलसमेत |
| ४५. | निषेधाज्ञा | मायादेवी मानन्धर वि. विजयकुमार श्रेष्ठसमेत |
| | **इजलास नं. ५** | **२२-३०** |
| ४६. | करार बमोजिम क्षतिपूर्ति रकम दिलाई पाऊँ | प्रमोदराज शर्मा वि. राजीव गजुरेल |
| ४७. | निषेधाज्ञा परमादेश | रामसागर कुर्मी वि. सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, बाँकेसमेत |
| ४८. | निषेधाज्ञा परमादेश | शकुन्तला पोखरेल वि. मातृभूमि सहकारी संस्था लिमिटेडको सञ्चालक समितिसमेत |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनादेवी बुढा |
| ५०. | उत्प्रेषण निषेधाज्ञा | मेहरमान श्रेष्ठसमेत वि. पोखरा उपमहानगरपालिकाको कार्यालय समेत |
| ५१. | निषेधाज्ञा | हरिप्रसाद शर्मा आचार्य वि. विष्णुलाल श्रेष्ठसमेत |
| ५२. | निषेधाज्ञा | रङ्गलाल गुरूङ वि. मोहन शाही ठकुरीसमेत |
| ५३. | परमादेश | रामानन्दप्रसाद यादव वि. मोहमद राजा हुसेन |
| ५४. | उत्प्रेषण | मु.स.गर्ने रामचन्द्र महतो वि. गायत्रीदेवीसमेत |
| ५५. | निषेधाज्ञा परमादेश | जगमोहनी भन्ने गर्भी दासिन वि. टुनाई पण्डित |
| ५६. | अंश | आशाराम लोनियासमेत वि. शान्तिदेवी लोनिया |
| ५७. | उत्प्रेषण | विदुर वनसमेत वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय कमलादीसमेत |

| | | | |
|---|---|---|---|
| **५८.** | उत्प्रेषण | लालमणि लम्सालसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत | |
| **५९.** | उत्प्रेषण | रामप्रसाद गौतम वि. नागरिक लगानी कोषसमेत | |
| **६०.** | उत्प्रेषण | फणिन्द्रदत्त शर्मा वि. न्याय परिषद्समेत | |
| **६१.** | जारी | नन्दराम लोनिया वि. शान्तिदेवी लोनियासमेत | |
| **इजलास नं. ६** | | | **३०-३१** |
| **६२.** | कर्तव्य ज्यान | कपिलेश्वर साह वि. नेपाल सरकार | |
| **इजलास नं. ९** | | | **३१-३२** |
| **६३.** | सवारी ज्यान | नेपाल सरकार वि. ठगबहादुर कार्की | |
| **एकल इजलास** | | | **३२-३४** |
| **६४.** | उत्प्रेषण | दिनकर ठाकुर लोहार वि. भागवत ठाकुर लोहारसमेत | |
| **६५.** | उत्प्रेषण | उत्तमराज कायष्ठ वि. दीपकराजा गोर्खाली श्रेष्ठसमेत | |
| **६६.** | उत्प्रेषण परमादेश | विकाशराज पाण्डे वि दिगम्बर पाण्डेसमेत | |
| **६७.** | उत्प्रेषण परमादेश | शिववचन शाहसमेत वि. शिवराम राजवंशीसमेत | |
| **६८.** | परमादेश | विश्वामित्र पाण्डेय वि. एच एन्ड बी डेभलपमेन्ट बैङ्क लिमिटेड डिल्लीबजार, काठमाडौंसमेत | |
| **रीत/बेरीत आदेश** | | | **३४** |
| **६९.** | डाँका चोरी | नेपाल सरकार वि. लक्ष्मण तामाङसमेत | |
| **अन्तरिम आदेश** | | | **३४-३६** |
| **७०.** | उत्प्रेषण | शिवलाल पासवान वि. शिक्षक सेवा आयोगसमेत | |
| **७१.** | उत्प्रेषण | नेत्रबहादुर लिम्बु वि. शिक्षा मन्त्रालयसमेत | |
| **७२.** | उत्प्रेषण | सुरेन्द्रबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **७३.** | उत्प्रेषण | पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकासमेत | |
| **७४.** | उत्प्रेषण | अशोक जन्दार वि. पुनरावेदन अदालत, विराटनगरसमेत | |

## सर्वोच्च अदालतका नियमित प्रकाशनहरू

- सर्वोच्च अदालत बुलेटिन (पाक्षिक)
- नेपाल कानून पत्रिका (मासिक)
- विषयगत नजीर संग्रह, २०६३
- विषयगत नजीर संग्रह, २०६६
- विषयगत नजीर सारसंक्षेप संकलन, २०६९ (२०१५ सालदेखि २०६९ असोज अङ्कसम्म)

  भाग १ : संवैधानिक कानून
  भाग २ : सार्वजनिक सरोकार
  भाग ३ : मानव अधिकार तथा लैङ्गिक न्याय
  भाग ४ : देवानी कानूनः सम्पत्ति
  भाग ५ : देवानी कानूनः पारिवारिक
  भाग ६ : फौजदारी कानूनः सरकार वादी
  भाग ७ : फौजदारी कानूनः दुनिया वादी
  भाग ८ : कार्यविधि कानूनः देवानी
  भाग ९ : कार्यविधि कानूनः फौजदारी
  भाग १० : उद्योग, वाणिज्य र कर
  भाग ११ : राष्ट्रसेवक कर्मचारी

- न्यायपालिकाको दोस्रो रणनीतिक योजना (आवधिक)
- सर्वोच्च अदालत वार्षिक प्रतिवेदन (वार्षिक)
- सर्वोच्च अदालतका केही निर्णयहरूको अङ्ग्रेजी अनुवाद (वार्षिक)
  - अङ्ग्रेजी अनुवाद २००३ (Volume I)
  - अङ्ग्रेजी अनुवाद २०१० (Volume II)
  - अङ्ग्रेजी अनुवाद २०११ (Volume III)
  - अङ्ग्रेजी अनुवाद २०१२ (Volume IV)
  - अङ्ग्रेजी अनुवाद २०१३ (Volume V)
- नेपाल कानून पत्रिका, ऐन कानून खण्ड 'क' (सनद, सवाल, रूक्का, आदेश, फुलकोर्टका निर्णयसमेत)
- अदालतसम्बन्धी नियमावली / निर्देशिका / न्यायाधीश आचारसंहिता
- टेवुल पात्रो (वार्षिक)

## विशेष इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WS-०५५, उत्प्रेषण/प्रतिषेध, *कमलप्रसाद खतिवडासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (१) (ख) को प्रतिबन्धात्मक वाक्यांशमा व्यवस्थित कानूनी प्रावधानबमोजिम मिति २०६१।८।१५ मा विज्ञापन भई पदपूर्तिसमेत भई कार्य सम्पन्न भइसकी उक्त व्यवस्था निस्प्रयोजन भइसकेको; शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (१क) र उपदफा (१ख) को व्यवस्था शिक्षा ऐन, २०५९ मा २०६३।९।१४ मा भएको संशोधनबाट थप गरी यो उपदफा प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनमा संवत् २०६३ साल वैशाख १० गतेसम्म सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा वा त्यस्तो स्वीकृत दरबन्दीको लियन पदमा अस्थायी शिक्षकको रूपमा नियुक्ति पाई यो उपदफा प्रारम्भ हुँदाका बखत कार्यरत् अस्थायी शिक्षकहरू र यो उपदफा प्रारम्भ हुँदाका बखत आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाअन्तर्गत अस्थायी शिक्षकको रूपमा कार्यरत् शिक्षक र २०५२ तथा २०६१/०६२ सालको विज्ञापनबमोजिम शिक्षक पूर्ति गर्दा शिक्षक पदबाट हटेका व्यक्तिहरूका हकमा उक्त उपदफा प्रारम्भ भएपछि आयोगबाट हुने पहिलो विज्ञापनमा एक पटक उम्मेद्वार हुन उमेरको हद नलाग्ने तर यो सुविधा एकपटक प्रयोग भएपछि पुनः प्रयोग गर्न नपाइने; शिक्षा नियमावली, २०५९ को नियम ९७क को व्यवस्था दीर्घकालीन नभई तत्कालीन प्रयोजनको लागि मात्र भएको र यस व्यवस्थाले स्थायी शिक्षक पदपूर्ति गर्न कुनै बाधा नदेखिएको हुँदा शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (१ख) को प्रतिबन्धात्मक वाक्यांश सोही ऐनको दफा ११च को उपदफा (१क) र (१ख), शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १० को प्रतिबन्धात्मक वाक्यांशको (१) र शिक्षा नियमावली, २०५९ को निमय ९७क का कानूनी प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३ र १८ सँग बाझिएको नदेखिँदा मागबमोजिम आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०७० साल असार १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WS-०००८, उत्प्रेषण/परमादेश, *काठमाडौं महानगरपालिका वडा नं. ३३ स्थित राष्ट्रिय स्वतन्त्र कर्मचारी मिलन केन्द्रको अख्तियारप्राप्त ऐ. का उपाध्यक्ष देवीप्रसाद दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसमेत*

सामाजिक न्यायको अभिन्न अङ्गको रूपमा रहेको सामाजिक सुरक्षाले लोक कल्याणकारी राज्यको अवधारणालाई सार्थक तुल्याउँदछ । समाजका हरेक पक्षमा न्याय प्रदान गर्ने उद्देश्यका साथ विकसित यो मान्यताबाट नै समाजमा पूर्ण एवम् वास्तविक समानता कायम हुन सक्तछ । वर्तमान राष्ट्रिय परिस्थिति पनि मानव अधिकार एवम् सामाजिक

न्यायप्रति संवेदनशील बन्दै गएको अवस्थामा निजामती सेवाअन्तर्गत करारमा कार्यरत् कर्मचारीको सामाजिक सुरक्षाको विषयलाई प्रभावकारी तुल्याउनु लोकतान्त्रिक शासन व्यवस्थाअनुकूल नै हुने ।

स्थायी कर्मचारीको तुलनामा करारमा कार्यरत् कर्मचारीको सामाजिक सुरक्षाको विद्यमान नाजुक अवस्था र सो अवस्थाप्रति राज्यको निरन्तर उदासीनताको कारण करार सेवामा कार्यरत् कर्मचारीमा न्यूनमात्राको उत्प्रेरणा विद्यमान रही सेवाको गुणस्तरीयतामा समेत गम्भीर असर पर्नसक्ने अवस्थाका कारण यो विषयमा तत्काल सम्बोधन हुनु जरूरी हुने ।

सरकारी एवम् निजी क्षेत्रमा कार्यरत् जनशक्तिको आर्थिक एवम् सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि विश्वव्यापीरूपमा निरन्तर प्रयासहरू भैरहेको पाइन्छ । जसमध्ये योगदानमूलक सामाजिक सुरक्षा (Contributory Social Protection) र अयोगदानमूलक सामाजिक सुरक्षा (Non-Contributory Social Protection) सम्बन्धी मान्यताहरूसमेत प्रचलनमा रहेका देखिन्छन् । योगदानमूलक सामाजिक सुरक्षाअन्तर्गत कार्यरत् वा अवकाशप्राप्त जनशक्तिले आम्दानीको निश्चित् प्रतिशत योगदान गरी सोबाट जम्मा भएको रकमले औषधोपचार, सन्तती शिक्षा, आवास कर्जा जस्ता जीवनका आधारभूत विषयमा सहजता प्रदान गरेको पाइन्छ । नेपालमा पनि कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, जीवन बीमा, पेन्सन योजना, सामाजिक सुरक्षा कोष जस्ता योगदानमूलक सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालनमा रहेको देखिन्छ । अयोगदानमूलक सामाजिक सुरक्षा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाअन्तर्गत राज्यले तोकिएका लक्षित वर्ग एवम् समूहका व्यक्तिहरूका निमित्त संवैधानिक एवम् कानूनी व्यवस्था गरी राज्यका तर्फबाट बजेट विनियोजन गर्ने गरेको अवस्था छ । नेपालमा जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, सुत्केरी भत्ता, कर्णाली रोजगार जस्ता अयोगदानमूलक सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू पनि सञ्चालनमा रहेको पाइन्छ । यही पृष्ठभूमिका आधारमा निजामती सेवाअन्तर्गत करारमा कार्यरत् कर्मचारीहरूको सामाजिक सुरक्षा व्यवस्थालाई सम्बोधन गरिएमा त्यसबाट फलदायी परिणाम उत्पन्न हुने ।

निजामती सेवाअन्तर्गत खास अवधि करारमा कार्यरत् रही उत्कृष्ट सेवा प्रदान गरेका कर्मचारीहरूका लागि पनि योगदानमूलक सामाजिक सुरक्षा (बीमा, अवकाश कोष) वा अयोगदानमूलक सामाजिक सुरक्षा (उपदान, उपचार खर्च वा यस्तै प्रकारका अन्य उपयुक्त विषय) को प्रबन्ध मिलाउन अत्यावश्यक देखिएकाले यस्ता कर्मचारीहरूको यकीन विवरण सङ्कलन गरी यस्ता कर्मचारीहरूलाई सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउन निजहरूले गरेको सेवाको अवधि र त्यसबखत गुम्न गएको अवसरहरूसमेत हेर्दा उपदान वा क्षतिपूर्ति जस्तो कुनैरूपमा भए पनि केही प्राप्त गर्नसक्ने गरी यथाशीघ्र उचित र आवश्यक व्यवस्था गर्नु गराउनु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत अन्य विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०७० साल माघ ९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WS-००७८, उत्प्रेषण/परमादेश, *शालिकराम भट्टराईसमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौंसमेत*

साविकको दफा २४घ१ खारेज गरेको कार्य यथावत् कायम राखी पाउन माग गर्ने निवेदकहरूले उल्लिखित कानूनी व्यवस्था बदरको माग गर्नुपर्नेमा त्यसतर्फ बदरको माग गरेको नदेखिएबाट निवेदकहरूले साविकको विशेष बढुवा यथावत् रहे सोबाट र सो यथावत् नरहेमा हाल थप भएको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको व्यवस्थामध्येसमेत कुनै पनि व्यवस्थाबाट आफूहरू बढुवा भई दोहोरो लाभ प्राप्त गरी लाभान्वित हुन खोजेको देखियो । यस्तो अवस्थामा सिद्धान्ततः दोहोरो लाभ कानूनबमोजिम ग्राह्य हुन सक्दैन भने अध्यादेशले दफा २४घ१क मा गरेको बढुवा व्यवस्था र दफा ७(१) ले बढुवाबाट रिक्त पद पूर्ति गर्नको निमित्त उल्लिखित प्रतिशत निर्धारण गर्नुपर्ने भनी गरेका कानूनी व्यवस्था बदरको माग नगरेको अवस्थामा दफा २४घ१ खारेज गरेको कार्यलाई मात्र भेदभावपूर्ण भनी दावीबमोजिम बदर गर्न नमिल्ने ।

निजामती सेवा ऐन, २०४९ मा भएको (तेस्रो संशोधन) अध्यादेश, २०६९ ले उक्त ऐनको साविकको दफा २४घ१ खारेज गरेको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र धारा १३(१)२) समेतसँग बाझिएको अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन २२ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-WO-०८२९, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*

वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ बमोजिम लघुवित्त कारोबार गर्न निवेदक संस्थाले राष्ट्र बैङ्कबाट मिति २०६१।७।१६ मा अनुमति लिई लघुवित्त कारोबार गरेको देखिन्छ । यसरी संस्थाले उपरोक्त माध्यमबाट आर्जन गरेको रकममा कर छूट हुनुपर्ने भन्ने निवेदन दावी र उक्त रकम करयोग्य आय भएको भन्ने विपक्षीको लिखित जवाफ रहेको छ । माथि उल्लिखित प्राप्त आयमा वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा ३१ बमोजिम करयोग्य आय भएको तर त्यस्तो रकममा नेपाल सरकारले पूर्ण वा आंशिकरूपमा आयकर छूट दिनसक्नेमा सो भए गरेको देखिन आएन । नेपाल सरकारबाट कर छूट पाएको बाहेक उक्त संस्थाले अन्य कुनै विशुद्ध व्यापारिक वा वित्तीय कारोबार गरी सो माध्यमबाट आय आर्जन गरी खुद मुनाफा गरेको छ भने त्यस्तो खुद मुनाफा रकम कररहित हुन नसक्ने ।

आन्तरिक राजस्व कार्यालयबाट मिति

२०६९।१०।८ मा भएको निर्णयानुसार जारी गरिएको आ.व. २०५६/०५७ र ०५७/०५८ को लागि मिति २०६९।१०।११ मा र मिति २०६९।१०।१४ मा आ.व. २०५८।०५९ देखि आ.व. ०६७/०६८ सम्मको कर निर्धारण आदेशलाई कानूनसम्मत् भन्न मिलेन । निवेदक कर नलाग्ने संस्थाका रूपमा दर्ता भएको प्रमाणपत्र आफैंले जारी गरेको प्रमाणपत्र नहेरी मुनाफारहित हो होइन, संस्थाले गरेको आयमध्ये कुनकुन रकम करयोग्य आय हो र कुनकुन आय कर नलाग्ने आय हो भन्नेतर्फ विश्लेषण र विवेचना गरी कर निर्धारण गर्नुपर्नेमा सोतर्फ विचार नगरी नलाग्ने रकममा समेत कर लगाउने गरी विपक्षी आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. २ काठमाडौंबाट भएको मिति २०६९।१०।८ को निर्णयानुसार जारी गरिएको मिति २०६९।१०।११ र मिति २०६९।१०।१४ का कर निर्धारण आदेश त्रुटिपूर्ण देखिंदा उक्त मितिका निर्णय एवम् कर निर्धारण आदेश एवम् पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल पुस ३ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६९-WO-०८९९, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९००, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०१, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०२, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०३, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०४, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०५, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०६, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०७, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०८, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९०९, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*
- ०६९-WO-०९१०, उत्प्रेषण/परमादेश, *पिताम्बरप्रसाद आचार्य वि. अर्थ मन्त्रालयसमेत*

२

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CI-१३००, निषेधाज्ञा, *खगेन्द्रप्रसाद चटौतसमेत वि. अन्तुराम डगौंरासमेत*

विवादित बाटो र बाटो आसपास क्षेत्रका

जग्गा सम्बन्धमा प्रत्यर्थी निवेदकहरूसमेतका स्थानीय ३६ जना वादी भई यी पुनरावेदकहरूलाई प्रतिवादी कायम गरी दर्ता बदर गरी बाटो कायम राखिपाऊँ भन्ने समेतका मुद्दा कञ्चनपुर जिल्ला अदालतमा विचाराधीन रहिरहेको तथ्य मिसिल संलग्न फिरादपत्रको प्रतिलिपिबाट देखिन्छ । सो मुद्दाबाट विवादित बाटोको सम्बन्धमा सामान्य प्रक्रियाबाट न्यायिक निरूपण भई ठहरेबमोजिम हुने हुन्छ । निवेदकहरूले आफूहरूको घरको आवतजावतको निकाससमेत उक्त विवादित बाटो हो, परापूर्वकालदेखि उपयोग गरी आएका छौं भनी जिकीर लिएको अवस्थामा सो जिल्ला अदालतमा विचाराधीन विवादको टुङ्गो नलागेसम्म हाल विवादमा रहेको बाटोलाई यथास्थितिमा राखिरहनु औचित्यपूर्ण नै देखिँदा पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६७।११।११ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन २५ गते रोज १ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CI-०३८२, परमादेश, *हरिप्रसाद शर्मा आचार्य वि. गृह मन्त्रालयसमेत*

प्रहरी कार्यालयसमक्ष अपराधको सम्बन्धमा दर्ता हुन आएको जाहेरी दरखास्त सो प्रहरी कार्यालयले दर्ता गरी अनुसन्धान तहकीकातको कार्यलाई अगाडि बढाउनुपर्ने उसको कानूनबमोजिमको दायित्व र जिम्मेवारी हो । यस्तो कानूनबमोजिमको दायित्व र जिम्मेवारी पूरा नगरेमा परमादेशको आदेशले पूरा गर्न लगाउने हो । प्रस्तुत विवादमा विपक्षीमध्येको महानगरीय प्रहरी परिसर, हनुमानढोकाले पुनरावेदकले दिएको ज्यानमार्ने उद्योगको जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेकोले सो जाहेरी दरखास्त दर्ता गरिदिनु भन्ने परमादेशको आदेश जारी गरिपाउँन माग गरेको देखिन्छ । तर, विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोकाको लिखित जवाफबाट पुनरावेदकको जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेको भन्ने नदेखिई सो जाहेरी दरखास्त मिति २०६९।१।२५ मा सो परिसरको अपराध दर्ता किताब १० नं. डायरी, मुद्दा नं. १३१० मा दर्ता भई अनुसन्धानको कार्य भैरहेको भन्ने देखिँदा विपक्षीले उल्लिखित कानूनी व्यवस्थाको पालना नगरेको भन्ने देखिन नआउने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०६९-CR-०२७८, अदालतको अपहेलना, *शम्भुप्रसाद थपलिया वि. गोविन्दप्रसाद तिमल्सिना*

अदालतको अपहेलनामा सजाय गर्ने कार्य समग्र अदालतको गरिमा र न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्यबाट प्रेरित हुन्छ । अदालतबाट जारी भएको आदेशलाई कसैले कार्यान्वयन तथा पालना नगरी जानाजान अवरोध सिर्जना गर्ने क्रियाकलापलाई निरूत्साहित गर्नुपर्ने हुन्छ तर प्रस्तुत मुद्दामा एकातिर विपक्षी गोविन्दप्रसाद तिमल्सिनाको तर्फबाट पेश भएको लिखित जवाफबाट निजले आफ्नै कि.नं. ७७८ को जग्गाभित्र घर निर्माण गरेको र पुनरावेदक तथा विपक्षी दुवैको जग्गा तथा घरमा वरिपरि वाल कम्पाउन्ड भई बीचमा अन्य छिमेकीसमेतको आवतजावतको तीन

फिटको बाटो भएको भन्ने देखिन आयो । पुनरावेदकले सो तथ्य मुद्दामा उल्लेख गरेको देखिँदैन । केवल दुई फिट जग्गा मिची विपक्षीले घर बनाउन लागेको जिकीर लिएको देखिन्छ । विपक्षीले आफ्नो घर जग्गाको वाल कम्पाउन्ड बाहिर गई निजको वाल कम्पाउन्ड फुटाई जग्गा मिचेको भनी देखाउन सकेको पाइएन भने अर्कोतिर पुनरावेदकले विपक्षीले पुनरावेदन अदालतबाट भएको अन्तरिम आदेशको उल्लङ्घन गरी घर निर्माण गर्दै गरेको भनी पेश गरेको तस्वीरहरूबाट पनि विपक्षीले पहिलो तला ढलान गर्नको लागि फर्मा ठोक्नेलगायतका कार्य भै घर निर्माण भइसकेको देखिन आयो । यसका अतिरिक्त पुनरावेदकको जग्गा विपक्षीले मिचेको अवस्थामा सो विषय सामान्य प्रक्रियाबाट न्यायिक निरूपण हुनसक्ने नै देखिन आयो । यसरी घर निर्माण भैसकेको अवस्थामा निषेधाज्ञा मुद्दामा भएको आदेश पालना नगरेको भनी विपक्षीलाई अदालतको अपहेलना गरेको ठहर गर्न औचित्यपूर्ण देखिन नआउने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल फागुन २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-CI-०४३३, निषेधाज्ञा, *शम्भुप्रसाद थपलिया वि. गोविन्दप्रसाद तिमल्सिनासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-RC-००२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वासुदेव भण्डारी*

मृतकको शव परीक्षण प्रतिवेदनमा टाउकोमा विभिन्न ठाउँमा काटेको चोट रहेको भन्ने उल्लेख देखिन्छ । मौकामा बुझिएकी घटनाको प्रत्यक्षदर्शी कविता भण्डारीले अदालतमा बकपत्र गर्दा प्रतिवादीले खुकुरीले पहिला एकपटक टाउकोमा प्रहार गरेको र त्यसपछि पनि पटकपटक प्रहार गरेको भन्ने उल्लेख गरेको देखिन्छ । कर्णबहादुर भण्डारीको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Hypovolumia, manner of death cut wound on scalp भन्ने उल्लेख भएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदन र घटनाको प्रत्यक्षदर्शीले गरेको बकपत्रबाट प्रतिवादीले गरेको साबिती बयान पुष्टि भएको देखिन आउँछ । यस अवस्थामा प्रतिवादी वासुदेव भण्डारीलाई कसूरदार ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा प्रतिवादी वासुदेव भण्डारीले आफ्नो बाबु कर्णबहादुर भण्डारीलाई टाउकोमा खुकुरी प्रहार गरी हत्या गरेको पुष्टि भएकाले निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर्‍याएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१० को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज ६ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** ०७०-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकबहादुर तामाङ*

मृतक वीरबहादुर तामाङलाई प्रतिवादीले टाउकोमा खुकुरी प्रहार गरेपश्चात् निज वीरबहादुर घाइते भई उपचार हुँदाहुँदैको अवस्थामा होशमा नआई मिति २०६६।६।११ मा मृत्यु भएको देखिन्छ । लास प्रकृति मुचुल्कामा मृतकको टाउकोमा एवम् करङमा पुरानो चोट रहेको भन्ने उल्लेख भएको देखिन्छ । निजको शव परीक्षण प्रतिवेदनमा पनि टाउकोमा परेको चोटको कारण मृत्यु भएको भन्ने देखिन आउँछ । मृतकको शव परीक्षण प्रतिवेदन तथा लास प्रकृति मुचुल्काबाट प्रतिवादीको मौकाको र अदालतको साबिती बयान पुष्टि भएको देखिन्छ । यिनै प्रतिवादी लोकबहादुरले आफ्नो छोरालाई खुकुरी प्रहार गरेको भनी जाहेरी दिने जाहेरवाला जयबहादुर तामाङले अदालतमा सोही व्यहोराको बकपत्र गरेको देखिन्छ । उल्लिखित अवस्थामा प्रतिवादी लोकबहादुर तामाङलाई कसूरदार ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।२१ को फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल मङ्सिर २८ गते रोज ६ शुभम् ।

७

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-०१४५, उत्प्रेषण/परमादेश, *अ.वा. अर्जुनकुमार बास्कोटा वि. माधवप्रसाद खनालसमेत*

निवेदकले माग गरेको विषयमा रिट क्षेत्राधिकारभित्र प्रवेश गरी निरूपण हुनसक्ने विषय हो होइन भन्नेतर्फ विचार गर्दा यी निवेदिकाका बाबु मणिराज पौडेलका नाममा जारी भएको म्याद अ.बं. ११० नं. को रीत नपुऱ्याई तामेल भएको कारणबाट प्रतिउत्तर दिन नपाई एकतर्फी फैसला भएको भए सोको उपचार अ.बं. २०८ नं. ले गरेकोमा उक्त कानूनी प्रावधानले प्रदान गरेको सुविधासमेत प्रयोग नगरी सोबमोजिम उपचार माग गर्ने म्यादसमेत व्यतीत गरेपछि उक्त मिति २०६९।६।१२ को तामेली म्यादलाई जालसाजी भनी सो म्याद तथा काठमाडौं जिल्ला अदालतको मिति २०६९।९।११ को फैसला बदरको मागसमेत राखी रिट क्षेत्रमा प्रवेश गरेको निवेदिकाको उक्त कार्य प्रारम्भमा नै कानूनसम्मत् देखिन नआउने ।

निवेदकले उठाएको बैना करारसमेतको विषयमा काठमाडौं जिल्ला अदालतमा मुद्दा चलिरहेको अवस्थामा सो विचाराधीन रहेको मुद्दाको विषयलाई असर पुग्ने गरी रिट क्षेत्राधिकारबाट हस्तक्षेप गरी बोल्न मिल्ने देखिएन । मूल लिखतलाई नै चुनौती दिएको हुँदा उक्त बैना करारको लिखत जालसाज हो वा होइन भन्ने सो सम्बन्धमा सोही मुद्दाबाट निरूपण हुने ।

२०६९।६।१२ को तामेली म्यादलाई जालसाजी भनी सो म्याद तथा काठमाडौं जिल्ला अदालतको मिति २०६९।९।११ को फैसला बदरको माग गरी निवेदक रिट क्षेत्रमा प्रवेश गरे पनि सोही विवादित विषयको मुद्दा पर्नुभन्दा अगाडिको लिखतलाई नै जालसाज भनी मुद्दा दायर गरेको अवस्थामा मूल लिखत सद्दे वा जालसाज हो भन्ने कुरा सोही मुद्दाबाट प्रमाण

बुझी निरूपण हुने नै हुँदा प्रमाण बुझी इन्साफ गर्नुपर्ने विषयमा रिट क्षेत्राधिकार आकर्षित हुन नसक्ने भएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल माघ १२ गते रोज १ शुभम् ।

८

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-१२४३, निषेधाज्ञा/परमादेश, *बद्रीप्रसाद शर्मा वि. जिल्ला विकास समितिको कार्यालय, बागलुङसमेत*

मुआब्जा निर्धारण समितिले मिति २०६६।६।२५ मा निवेदकको हक भोगको जग्गामध्ये सडक खण्डमा परेको जग्गाको क्षतिपूर्ति निर्धारण गरी सो रकम लिन आउन पत्राचारसमेत भएको अवस्थामा निषेधाज्ञा र परमादेश जारी गरिरहनु नपर्ने भनी निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

९

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-CI-०१६४, निषेधाज्ञा, *विष्णुमाया राजथला वि. तिलकबहादुर नेगीसमेत*

निवेदकले दावी गरेको कि.नं. १४५१ को जग्गा आफ्नो हक दर्ताको भएको भन्ने देखिने कुनै प्रमाण पेश भएको देखिएको छैन । उक्त जग्गाको जग्गाधनी विपक्षी तिलकबहादुर नेगी भएको भन्ने विपक्षीहरूको लिखित जवाफमा जिकीर लिएको पाइन्छ । निवेदकले उक्त घर जग्गा आफ्नो निर्विवाद हक अधिकारको भएको भन्ने दावी पनि छैन । वस्तुतः निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादको विषयवस्तुउपर निवेदकको निर्विवाद हकाधिकार रहेको हुनुपर्छ । निवेदकले यस अदालतमा पुनरावेदन गर्दा पनि विवादित जग्गा निजको निर्विवाद हकाधिकारको भएको भनी देखाउन सकेको पाइँदैन । यस अवस्थामा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रानु पौडेल

इति संवत् २०७० साल कात्तिक ११ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CR-०५४५, भ्रष्टाचार, *नेपाल सरकार वि. विष्णुप्रसाद ज्ञवाली*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवम् भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको दावी भएको प्रस्तुत मुद्दामा सोही ऐनको हदम्यादसम्बन्धी व्यवस्थातर्फ नहेरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो कार्यविधि व्यवस्थित गर्न प्रयोग गर्ने ऐन अर्थात् अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३(२) को प्रयोग गरी हदम्याद नाघी दायर भएको भनी प्रस्तुत मुद्दा खारेज गर्ने गरेको विशेष अदालतको मिति २०६६।८।९ को फैसला कानूनविपरीत भई मिलेको नदेखिँदा सो फैसला बदर हुने ठहर्छ । अब कानूनबमोजिम जे जो बुझ्नुपर्ने

हो बुझी दावी लिएको कसूरका सम्बन्धमा प्रमाण एवम् कानूनको आधारमा पुन: निर्णय गर्नु भनी हाजीर रहेका पक्षहरूलाई तारिख तोकी मिसिल विशेष अदालत, काठमाडौंमा पठाई दिने ।

इजलास अधिकृतः ममता खनाल

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल चैत १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CR-०२४५, कर्तव्य ज्यान, *रामबहादुर पुलामी वि. नेपाल सरकार*

पीडितलाई मार्नुपर्नेसम्मको रिसइबि र मनसाय नरहेको तथा आफूले गरेको कार्यको परिणामबाट मानिस मर्ला जस्तो नदेखिएको स्थितिमा मात्र ज्यानसम्बन्धी महलको ५ नं. आकर्षित हुन आउँछ । जानाजान कसैमाथि जोखिमी हतियारले प्रहार गरी त्यसको चोटबाट मानिसको ज्यान जान्छ भने त्यस्तो कसूरलाई भवितव्यको कसूर मान्न मिल्दैन । प्रतिवादीले मृतकलाई प्रहार गरेको हतियार कुटो र बसुलो जस्ता जोखिमी हतियार रहेका छन् । कुटो र बसुलो जस्ता जोखिमी हतियारले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा त्यसको चोटबाट मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझको व्यक्तिले बुझ्न र सम्झन सक्ने भएकोले कुटो र बसुलो जस्ता जोखिमी हतियारले मृतकउपर प्रहार गर्ने यी प्रतिवादीलाई भवितव्यमा सजाय गर्न मिल्ने नदेखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने भनी बर्दिया जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६७।१०।२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०३३९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमावती पासी*

अभियोजन पक्षको कसूर प्रमाणित गर्ने प्रमाणहरू शङ्कारहित हुनुपर्दछ । निश्चयात्मक र ठोस सबूद प्रमाणको अभावमा शङ्काको भरमा अभियोग कायम गर्नसमेत नमिल्ने हुन्छ । प्रस्तुत मुद्दामा वस्तुस्थिति मुचुल्काका मानिसहरू मोती लोध, इनामुल्ला मुसलमान, छेदी लोध, सारजन पाण्डेले अदालतमा उपस्थित भई बकपत्र गरेकोसमेत मिसिलबाट देखिँदैन । प्रस्तुत मुद्दाको समग्र विश्लेषण गर्दा प्रतिवादी रमावती पासीको कुटाइबाट मृतक खैरूल्लाह गद्दीको मृत्यु भएको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिँदा प्रस्तुत मुद्दाको वारदात भवितव्य कायम गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी भई प्रतिवादी रमावती पासीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसूरदार ठहर्‍याउन मिल्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न नसक्ने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।३।३० को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल मङ्सिर १८ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-१३१५, कर्तव्य

ज्यान, *खोमनाथ दाहाल वि. नेपाल सरकार*

आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाउनसक्ने स्वस्थ्य मानसिक अवस्थाका प्रतिवादी खोमनाथ दाहालले मृतक देवमाया दाहाललाई मृतकको टाउको, कनपट्टासमेतमा कुटोले पटकपटक प्रहार गरी मारेको भन्ने प्रतिवादीले अदालतमा समेत स्वीकार गरी बयान गरेको र निजको सो बयानलाई जाहेरवाला, मौकामा बुझिएका प्रत्यक्षदर्शीलगायतका व्यक्तिहरूको बकपत्र र सहप्रतिवादी एवम् प्रतिवादीकी श्रीमतीको बयानसमेतले समर्थन गरेको देखिन आएकोले निज प्रतिवादी खोमनाथ दाहाललाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको तेह्रथुम जिल्ला अदालतको मिति २०६६।९।२४ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।९।१३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०५७८, मोही नामसारी, *महारानीदेवी बरैनीसमेत वि. मु.स. गर्ने अमरदेव राउत बरै*

वादीका पति पिताले मोहियानी प्रमाणपत्र प्राप्त गरेको देखिएको र निजलाई साविकदेखि मोहीमा दावीका जग्गा जोतकोड गर्न दिई निजको मृत्युपश्चात् निज मोहीका श्रीमती र छोराहरू यी वादीहरूलाई मोहीमा पत्याई साल सालको कुतबालीसमेत बुझी आएको र मोही र जग्गाधनीहरूबीच विभिन्न मुद्दा दायर भई फैसलासमेत भइरहेको देखिन आएको अवस्थामा साविक मोही धुपनारायण राउत बरैका नामबाट प्रत्यर्थी वादीहरूका नाममा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी हुने ठहर गर्नुपर्नेमा मोही नामसारीको दावी नपुग्ने ठहर्‍याएको भूमिसुधार कार्यालय, पर्साको मिति २०६६।११।१० को निर्णय उल्टी गरी दावीका कि.नं. ४१, ४५, ५१ र ५२ को जग्गामा मोहियानी धुपनारायण राउत बरैका नामबाट पुनरावेदक वादीका नाममा मोही नामसारी हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

इति संवत् २०७० साल पुस २६ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा. डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०५७९, बेलगती मोही लगत कट्टा, *महारानीदेवी बरैनीसमेत वि. मु.स. गर्ने अमरदेव राउत बरै*

सर्भे नापीको समयमा दावीका जग्गामा यी प्रत्यर्थी, प्रतिवादीका पति पिता धुपनारायण बरैको नाम मोही महलमा उल्लेख भई जग्गाधनी स्रेस्ताको मोही महलमा समेत निजको नाम उल्लेख भएको र यी प्रतिवादीहरूउपर वादीहरूले पटकपटक दिएका मुद्दामा यी पुनरावेदक वादीले प्रत्यर्थी प्रतिवादीका पति पितालाई दावीको जग्गाहरूको मोही भएको भनी स्वीकार गरी आएको देखिन्छ । भूमिसुधार कार्यालयले आफ्नो कार्यालयमा मोही प्रमाणपत्रसमेतको अभिलेख नभेटिएको भने तापनि उक्त कार्यालयबाट खटिएको टोलीले आवश्यक प्रक्रिया पूरा गरी मोहीको प्रमाण दिएकोमा सोको अभिलेख सम्बन्धित कार्यालयले

नै व्यवस्थित गर्नुपर्ने हुन्छ । एक पटक विधिवत् मोही कायम भई मोहीले जग्गा कमाई आएको र बाली बुझाई भरपाई लिने गरेको तथा यी पक्ष विपक्षको बीच मोही निष्काशन मुद्दा चली निष्काशन नहुने ठहरी फैसला भएकोसमेतको तथ्य विद्यमान भएको अवस्थामा मोही प्रमाणको अभिलेख नभेटिएको भन्ने एकमात्र आधारमा यी प्रतिवादी मोही कायम नरहने भन्न नमिल्ने ।

साविक जग्गाधनीले समेत फिल्डबुक र जग्गाधनी प्रमाण पूर्जामा उल्लिखित मोहीलाई विधिवत् मोही स्वीकार गरी कुत बुझेको भरपाई गरी दिएको, वादी पक्षले सालसालको कुत बुझी गरिदिएका भरपाईहरू कीर्ते जालसाजी भनी लिएको दावी पुग्न नसकी अदालतबाट भएको फैसला अन्तिम भइरहेको, जग्गा नामसारी गराई लिने पुनरावेदक वादीले समेत यी प्रत्यर्थी प्रतिवादीहरूलाई मोहीमा स्वीकार गरी कुतबाली, मोही निष्काशनलगायतका मुद्दा दिई अन्तिम भइरहेको अवस्थामा दशकौंपछि आएर बेलगती मोही लगत कट्टा गरिपाऊँ भनी दिएको निवेदनका आधारमा मोही लगत कट्टा हुने अवस्था नदेखिँदा दावीका जग्गाहरूको मोही बेलगती पुष्टि हुन आएको भनी वादी दावी पुग्ने ठहर गरेको भूमिसुधार कार्यालय, पर्साको मिति २०६६।११।१० को फैसला उल्टी हुने ।

इजलास अधिकृतः भद्रकाली पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७० साल पुस २६ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-१२०९, परमादेश, *कैलीदेवी साह तेली वि. रामप्रसाद वर्णवालसमेत*

कुनै व्यक्ति वा सार्वजनिक निकायले कानूनबमोजिम गर्न नहुने काम गर्न लागेको अवस्थामा निषेधाज्ञा जारी हुने हुन्छ । तर प्रस्तुत मुद्दामा यी पुनरावेदकले पुनरावेदन अदालतमा निवेदन दिँदाकै अवस्थामा विपक्षी रामप्रसादले पर्खाल लगाउने कार्य सम्पन्न गरिसकेको भन्ने निवेदकले स्वयम् निवेदनमा उल्लेख गरेको देखियो । यसरी काम सम्पन्न भइसकेको अवस्थामा पर्खाल निर्माण गर्ने कार्य र आवतजावतमा अवरोध पार्ने कार्य नगर्नु, नगराउनु भनी आदेश गर्नुको कुनै प्रयोजन हुने नहुँदा यस सम्बन्धमा पुनरावेदकको मागबमोजिम विपक्षी रामप्रसाद वर्णवालका नाममा निषेधाज्ञा जारी हुने अवस्था देखिन नआउने ।

विवादित सार्वजनिक जग्गामा पर्खाल निर्माण गरी बाटो अवरोध गर्ने कार्य सम्पन्न भैसकेको र सो अवरोध हटाउन विराटनगर उपमहानगरपालिकाबाट आवश्यक निर्णय गरी निर्णय कार्यान्वयन गर्नेतर्फ आवश्यक पहल गरिराखेको देखिएको हुँदा पुनरावेदकको मागबमोजिम निषेधाज्ञा एवम् परमादेश जारी हुन नसक्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।५।११ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

इति संवत् २०७१ साल वैशाख २५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-MS-००११,(०७०-FN-०१५०) अदालतको अवहेलना, *भैरवप्रसाद मानन्धर वि. सियारामप्रसाद सिंहसमेत*

रिट नं. ०७०-WO-००८५ मा रिट निवेदक भैरवप्रसाद मानन्धरले उक्त रिट निवेदन

आफ्नो मुद्दा आफैं सकार गरी सो निवेदनपत्रको प्रयोजन समाप्त भएको व्यहोरा उल्लेख गरी उक्त निवेदनपत्रमा थप कारवाही नहुने गरी अ.बं. ९२ नं. बमोजिम निवेदनपत्र फिर्ता गरिपाऊँ भनी निवेदन दिएको र सो निवेदन मागबमोजिम उक्त मुद्दामा अ.बं. ९२ नं. बमोजिम निवेदन फिर्ता लिन यस अदालतबाट अनुमति प्रदान गरेको देखिँदा सो मूल रिट निवेदन नै फिर्ता भैसकेको देखिँदा सो निवेदनको रोहमा जारी भएको अन्तरिम आदेश निस्प्रयोजन भैसकेको देखिन्छ । त्यस्तो अन्तरिम आदेशबमोजिम प्रतिवादीले कार्य नगरेको भनी अपहेलना गरेको भन्न सकिने अवस्थाको विद्यमानता नरहेकोले विपक्षीहरूले अदालतको अपहेलना गरेको नठहर्ने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल मङ्सिर १२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-MS-००२८, अदालतको अपहेलना, *जिल्ला सहकारी संघ लिमिटेड राजविराजका अधिकारप्राप्त ऐ. का अध्यक्ष बिनोदकुमार दत्त वि. मालपोत कार्यालय, सप्तरीसमेत*

मिति २०४०।९।२० को फैसलाबमोजिमको कार्य गरेको र सोको जानकारी निवेदक सहकारी संघलाई सोही मिति २०४८।१०।२३ मा दिइसकिएको भन्ने व्यहोरा विपक्षीको लिखित जवाफबाट देखिएको छ । लिखित जवाफ व्यहोरा हेर्दा सर्वोच्च अदालतबाट मिति २०५३।५।१० मा भएको आदेशबमोजिमको काम नगर्ने भन्नेसमेत विपक्षीहरूको लिखित जवाफ व्यहोराबाट नदेखिँदा निवेदकको मागबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गर्न परेन । निवेदकको दावी नपुगी प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-MS-००२९, अदालतको अवहेलना, *काठमाडौं जिल्ला, कामनपा वडा नं ११ हनुमानस्थानमा कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्चको जिल्ला कार्यसमिति, काठमाडौं तर्फबाट अख्तियारप्राप्त तथा आफ्नो हकमा समेत अधिवक्ता जगन्नाथ मिश्र वि. प्रा.डा. दिनेश विनोद पोखरेलसमेत*

साङ्केतिकरूपमा दबाबमूलक कार्यक्रम मात्र सञ्चालन गरी सम्मानित अदालतको पूर्वआदेश एवम् सर्वसाधारणको हितलाई ध्यानमा राखी पूर्वघोषित कार्यक्रम बन्द गरिसकेको, अदालतको आदेशलाई शिरोधार्य गर्ने भनी लिखित जवाफमा उल्लेख गरेकोसमेत देखिएको र निजहरूले सञ्चालन गरेको बन्द हड्तालसमेत फिर्ता भइसकेको भनेको अवस्थामा निवेदकको मागबमोजिम यी विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गर्नु नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-०७१५, लेनदेन, *काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित वाइबा कन्स्ट्रक्सन प्रा.लि. का तर्फबाट ऐका सञ्चालक कृष्णबहादुर लामा वि. राधेश्याम कौशल*

कम्पनीका तर्फबाट कार्य सम्पादन गर्ने सिलसिलामा सोको प्रयोजनको लागि कम्पनीका प्रोजेक्ट मेनेजर निज टासी लामाले लिएको कारोबारको विषयमा दावीको रकम उक्त कौशल स्टोर्सले लिन बाँकी रहेको स्पष्ट देखिँदा दावीबमोजिमको रकम पुनरावेदक कम्पनीबाट वादीले भराई लिन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CI-१४७०, लेनदेन, *बौवालाल मेहता वि. रामानन्द साह तेली*

लिखतलाई अन्यथा भन्न नसकी रकम लिएको कुरासमेत स्वीकार गरी रकमको अङ्कमा मात्र आपत्ति जनाएको पृष्ठभूमिमा लिखतबमोजिमको रकम बुझाएको भरपाई दैवी परेको भनी प्रतिवादीले निश्चयात्मक आधार पेश गर्न नसकेकोले दावीबमोजिमको साँवा लेनदेन व्यवहारको महलको ४ नं. र ब्याज ऐ. को ६ नं. बमोजिम वादीले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-CI-१५३१, निषेधाज्ञा, *मिथिलेश यादव वि. रेणुकुमारी शाहसमेत*

नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कानूनी अधिकार उल्लङ्घन हुने प्रबल आशङ्का विद्यमान भएमा निषेधाज्ञा जारी गरी नागरिकको कानूनी हक अतिक्रमण हुनबाट रोक्न सामान्यतः यस्तो आदेश जारी गरिन्छ । निवेदकले उठाएको विषयका हकमा उद्योग अनुमति प्राप्त हो होइन भन्ने विषयमा आधिकारिक निकायले हेर्ने तथा सोउपर आवश्यक कारवाही र निर्देशन दिनसक्ने नै हुन्छ । यसका अतिरिक्त उक्त उद्योग सञ्चालन भै इँट्टासमेत उत्पादन भैरहेको भन्ने विपक्षी इँट्टा उद्योगको लिखित जवाफबाट समेत देखिइरहेको यस्तो अवस्थामा निवेदकले उल्लेख गरेजस्तो आशङ्काको स्थितिको विद्यमानता नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CI-०६७९, मानाचामल, *मचाकाजी सुवालसमेत वि. श्रुती भन्ने मीला सुवालसमेत*

प्रतिवादीले घरसमेतबाट मासिक रू. ३५,०००।- जति घरभाडाको आय भएको तथा पाटनमा होटल सञ्चालनसमेत गरेको र अन्य ठेक्कापट्टा तथा घरभाडाको स्रोत छ भनी आफ्नो आयस्रोतका सम्बन्धमा खुलाई दिएको तथ्यलाई मिसिल संलग्न मिति २०६३।१।१२ को कागजबाट स्पष्ट गरिदिएको देखिन्छ । आयको स्रोत स्पष्ट भएको यस्तो अवस्थामा कुनै आय आर्जन नभै परनिर्भर रहनुपर्ने अवस्थाका फिरादीहरूलाई प्रतिव्यक्ति रू. २५,००।- का दरले २ जनालाई मासिक रू. ५,०००।- दिलाई भराई दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला कानूनसम्मत् नै देखिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-CR-०९६८, बन्दीप्रत्यक्षीकरण, *विपीनकुमार मिश्र वि. जुही ठाकुरसमेत*

आमाले आफ्नो मातृत्व प्रदान गर्न आफूले जन्माएको सन्तानलाई निजको संरक्षण गर्ने, पालन गर्ने तथा आफूसक्दो शिक्षादीक्षा प्रदान गर्ने प्रयत्नसम्म गरेको भन्ने विपक्षी जुही ठाकुरको लिखित जवाफबाट स्पष्ट भएको छ । आफ्नो कोखबाट जन्माएको नाबालक सन्तानलाई परिस्थितिवश बाबुसँग राख्न नसकी वा नमिली आफ्नो जिम्मा लिई संरक्षण गर्नु, मातृत्व गर्नु एवम् मातृवात्सल्यको निरन्तरताको पवित्र उद्देश्य राखी सन्तान जिम्मा लिनुलाई सन्तानको ईच्छाविपरीत बन्दी बनाई राखेको भनी अर्थ गर्न मिल्दैन । यसरी आमाको प्राकृतिक संरक्षकत्व रहेकोमा यी नाबालक दीपक मिश्रलाई जुही ठाकुरले बन्दी अवस्थामा राखिएको भनी भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल चैत ४ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-०१२४, उत्प्रेषण/परमादेश, *डिल्लीप्रसाद प्रसाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सट्टाभर्नामा पाएको जग्गाको हालसम्म आयस्ता अनुसार निवेदकले क्षतिपूर्ति पाउने अवस्था रहेको नदेखिए तापनि उक्त जग्गाको यथार्थ र वास्तविक भोगाधिकार यी निवेदकमा रहने हुनाले गृह मन्त्रालय (सचिवस्तर) को मिति २०६९।३।४ को निर्णय र सो निर्णयका आधारमा जि.प्र.का. मोरङलाई लेखेको च.नं. ५९७ मिति २०६९।३।६ को पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ । निवेदकको नाममा सट्टाभर्नामा दिइएका जग्गाहरूको यथार्थ अवस्था बुझी कानूनबमोजिम कसैको हक स्थापित भएको देखिएमा बाहेक सट्टाभर्नाबापत जग्गाको हकको लिखत निवेदकहरूले प्राप्त गर्नुअगावै वा प्राप्त हुँदादेखि नै अनधिकृत अतिक्रमणको कारणले प्राप्त जग्गाधनी पुर्जाबमोजिम हकभोग गर्न नपाएको भए जो चाहिने सुरक्षा व्यवस्था मिलाई निवेदकहरूलाई स्रेस्ताबमोजिम हक पुगेको जग्गामा भोग गर्न सक्ने र भोग गर्न दिने सुनिश्चित गर्ने प्रयोजनको लागि गृह मन्त्रालय र भूमिसुधार मन्त्रालयलगायत सम्बन्धित विपक्षीहरूको समन्वयमा संयन्त्र खडा गरी विवाद रहेको थलोमा त्यसको कार्यान्वयन गर्नु गराउनु, निवेदकलाई भोगचलन गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः अनिलकुमार शर्मा

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल फागुन २७ गते रोज ३ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CI-१४१७, परमादेश, *पूर्णचन्द्र भट्टराई वि. हिरालाल शाह*

वैदेशिक रोजगारसम्बन्धी नेपाल सरकारको मिति २०६८।६।१३ को १० बुँदे निर्देशन, मन्त्रीस्तरको मिति २०६८।९।५ को निर्णयबमोजिमको अवधिपूर्व नै निवेदकको वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रका लागि पुनरावेदकसमक्ष निवेदन परेको र मिति २०६८।५।१८ मा पुनरावेदक विभागबाट सोसम्बन्धी कारवाही सुरू गरी लाग्ने इजाजतपत्र दस्तूर, रकम, बैङ्क

ग्यारेन्टीलगायत दाखिला गर्न प्रत्यर्थी रिट निवेदकलाई पत्र लेखेको देखिई इजाजतपत्र दिने सम्बन्धमा निर्देशित समयभित्रै कारवाही सुरू भएको देखिइरहेको अवस्थामा मिति २०६८।९।५ को निर्णयानुसार इजाजतपत्र दिनेसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा नभएको भन्ने आधारमा प्रत्यर्थी रिट निवेदकलाई इजाजतपत्र दिनबाट वञ्चित गरेको पुरावेदक विभागको कामकारवाहीलाई कानूनसङ्गत्को भन्न नमिल्ने ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) मा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्रका लागि पेश भएका निवेदनउपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संस्थालाई वैदेशिक रोजगार सञ्चालन गर्न इजाजत दिन उपयुक्त देखेमा तोकिएबमोजिमको इजाजतपत्र दस्तूर र धरौटीबापत तीस लाख रूपैयाँ नगदै वा सात लाख रूपैयाँ नगदै र बाँकी तेइस लाख रूपैयाँ बैङ्क ग्यारेन्टी लिई इजाजतपत्र दिनुपर्नेछ भन्ने उल्लेख भएको देखिन्छ । यस कानूनी व्यवस्थानुसार तोकिएबमोजिमको प्रक्रिया पूरा गरेका प्रत्यर्थी रिट निवेदकलाई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन नमिल्ने कुनै बाधा रहेको अवस्था देखिँदैन । सरकारको नीति तथा निर्णयहरूलाई बाधाको रूपमा देखाई प्रत्यर्थी रिट निवेदकबाट पुनरावेदक विभागको पत्रानुसार इजाजतपत्र दस्तूर, धरौटी रकम एवम् बैङ्क ग्यारेन्टीबापतको रकमसमेत दाखिल गर्नेलगायतका आवश्यक प्रक्रियाहरूसमेत सम्पन्न भैसकेको अवस्थामा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिन इन्कार गर्नु भनेको वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) को प्रतिकूलको कार्य हुन जान्छ । कानूनबमोजिम काम गर्नुपर्ने सार्वजनिक निकायले प्रत्यर्थी रिट निवेदकको हकमा कानूनी कर्तव्य पूरा गर्न नसकेको देखिएको अवस्थामा रिट निवेदन मागबमोजिम परमादेशको आदेश जारी गरी भएको पुनरावेदन अदालत, पाटनको इन्साफलाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदक वैदेशिक रोजगार विभागमा परेको प्रत्यर्थी रिट निवेदकको निवेदन सम्बन्धमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदन मागबमोजिम गर्नु गराउनु भनी विपक्षी वैदेशिक रोजगार विभाग, तीनकुने काठमाडौंसमेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०२।१०।४ को इन्साफ मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७१ साल जेठ १८ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६५-CR-०५६७, आयकर, *श्री आन्तरिक राजस्व कार्यालय, विराटनगरका तर्फबाट प्रमुख कर अधिकृत ढुण्डिराज पोखरेल वि. श्री गोल्डेन ग्लोब लिकर्स प्रा.लि. विराटनगर*

कुनै कागज प्रमाणमा लिनलाई सो कागज मिसिलसंलग्न हुनुपर्ने हुन्छ । मिसिलसंलग्न नै नरहेको बिल भरपाईलाई बिल भरपाई छ भनी सोअनुरूपको रकम आय निर्धारण गर्दा कट्टी गर्दा कट्टी गर्न नमिल्ने ।

इजलाससमक्ष प्रत्यक्षीकरण भएको भए पनि के कति कुन प्रमाण प्रत्यक्षीकरण भए र कुनकुन बिल भरपाइबाट के कति रकम कट्टी हुनुपर्ने हो सो आफ्नो निर्णयमा निर्णयकर्ताबाट उल्लेख हुनुपर्ने

हुन्छ । न्यायिक निर्णय आत्मनिष्ठ तवरबाट गरिनु हुन्न अपितु वस्तुनिष्ठ आधारबाट गरिनुपर्दछ । मिसिल संलग्न नरहेको बिल भर्पाइलाई निर्णयकर्ताले प्रत्यक्षीकरण भयो भन्नु नै पर्याप्त हुँदैन । प्रत्यक्षीकरण के कसरी र कति भयो भन्ने कुरा उक्त निर्णयमा प्रष्ट देखिनु पनि पर्दछ । फगत प्रत्यक्षीकरण भयो भनी त्यसको अस्तित्व र त्यसबाट सन्तुष्टि हुनुपर्ने कारण नदेखाई खर्च मिन्हा दिने गरी बुझ्नुपर्ने प्रमाण नबुझी नबुझ्ने प्रमाण बुझी प्रत्यक्ष त्रुटि भएको निर्णय कानूनबमोजिम भएको भन्न नमिल्ने हुँदा सुरू आन्तरिक राजस्व कार्यालयको कर निर्धारण आदेश बदर गरी खर्च मिनाहा दिने गरी राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६५।४।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः चाणकमणि अर्याल

इति संवत् २०७० साल साउन २८ गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्;

- ०६५-CR-०५६६, आयकर, *श्री आन्तरिक राजस्व कार्यालय, विराटनगरका तर्फबाट प्रमुख कर अधिकृत ढुण्डिराज पोखरेल वि. श्री गोल्डेन ग्लोब लिकर्स प्रा.लि. विराटनगर*
- ०६५-CR-०५६८, आयकर, *श्री आन्तरिक राजस्व कार्यालय, विराटनगरका तर्फबाट प्रमुख कर अधिकृत ढुण्डिराज पोखरेल वि. श्री गोल्डेन ग्लोब लिकर्स प्रा.लि., विराटनगर*

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-१३६५, निषेधाज्ञा, *नानीमैया तामाङसमेत वि. गोमादेवी आचार्यसमेत*

सर्वोच्च अदालतको फैसलाबाट गोमादेवी आचार्यको दाता कृष्णमानको विवादको जग्गामा हक कायम भएको, मोही मर्दाको अवस्थामा मोहीका दाजुभाइमा पनि मोहीहक सर्ने कानूनी व्यवस्था नभएकोले दुर्गामानको मोही लगत काटिने भनी भू.सु.का. काठमाडौंले मिति २०६७।१०।५ मा फैसला गरेको, विवादको जग्गामा पहलेदेखि घर रहेको भन्ने देखिने कुनै प्रमाण निवेदकबाट पेश हुन नसकेकाले सो जग्गामा मोही कायम भैसकेको भन्ने नदेखिँदा निवेदन मागबमोजिम निवेदकको कानूनी हकमा आघात पुग्नसक्ने स्थिति नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट खारेज हुने ठहर्छ भनी गरेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-CI-१४८१, निषेधाज्ञा, *शिशिरप्रसाद नेपाल वि. ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. ४ मानभवन (कुमारीपाटी) स्थित अन्नपूर्ण सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ सोसाइटी लि. समेत*

महानगरीय प्रहरी प्रभाग कीर्तिपुर, महानगरीय प्रहरी परिसर जावलाखेल, महानगरीय प्रहरी परिसर, काठमाडौंसमेतको लिखित जवाफमा निवेदन दावीअनुरूपको कुनै कार्य नगरिएको नभएको र त्यस्तो कार्य गर्नुपर्ने आधारसमेत विद्यमान नरहेको, प्रहरी टोली परिचालन गरी त्रास फैलाउने, गैरकानूनी पक्राउ गर्ने कार्य नगरेको, निवेदकलाई प्रहरी कार्यालयमा नझिकाएको भनी लिखित जवाफ पेश गरेको देखिँदा निवेदक शिशिरप्रसाद

नेपालको कानूनी अधिकारमा आघात पुग्ने आशङ्काको स्थिति विद्यमान भएको भन्ने तथ्यतः पुष्टि हुनसकेको नदेखिँदा निवेदन खारेज हुने ठहऱ्याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१२।१५ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टीकाभूषण घिमिरे

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल भदौ ३१ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०७०-WO-०४१५, उत्प्रेषण, परमादेश, *विष्णुबहादुर कार्कीसमेत वि. सुमनप्रसाद शर्मासमेत*

निवेदकहरू विष्णुबहादुर कार्की र भीमसेन थापालाई मिति २०६४।१०।१ देखि कायम हुने गरी रा.प.अनं. प्रथम श्रेणी, लेखापाल पदमा बढुवा गरी मिति २०७०।९।२५ को महालेखा नियन्त्रक कार्यालयको पत्रानुसार विष्णुबहादुर कार्कीलाई नापी कार्यालय, नुवाकोट र भीमसेन थापालाई जिल्ला निर्वाचन कार्यालय, धादिङमा पदस्थापन गरेको देखिँदा निवेदकहरूको निवेदन मागदावीअनुसार रिट जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः कमलप्रसाद ज्ञवाली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल माघ ५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०८३७, कर्तव्य ज्यान, *खटरराम मोची वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई मार्नेसम्मको मनसाय लिई पूर्वयोजना बनाएको र पूर्वीरसइबि भएको मिसिल संलग्न प्रमाणबाट नदेखिएको, मृतक आफ्नै भाइसँग घरायसी कुरामा वादविवाद झैझगडा हुँदा लाप्पालाप्पी कुटपीटसम्म भई वारदातस्थलमै उसै मौकामा तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई कुटपीट गर्दा सोही चोट पिरका कारणले मृतकको मृत्यु हुन गएको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्याको कसूर गरेको देखिँदा प्रतिवादी खटरराम मोचीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।५।१३ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति २०७० साल फागुन २१ गते रोज रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०१७५, अंश चलन, *शिवनाथ महतो कोइरीसमेत वि. लोचन महतो कोइरी*

वादीले फिरादपत्रमा मूल पुरूष कृत महतो कोइरीका २ छोराहरू चेथरू महतो र नायक महतो हुन् । प्रतिवादी लोचन महतो चेथरूका छोरा रहेका र वादीहरू नायक महतोका जेठा छोरा धारी महतोका छोरा रामस्वरूपका स्वास्नी-१, छोराहरू रहेका भनी देखाएका छन् । प्रतिवादीले आफ्नो प्रतिउत्तरमा

कृत महतोका एक मात्र छोरा चेथरू महतो भै आफू निज चेथरूको छोरा रहेको र हिरा महतोका एकमात्र छोरा नायक महतोका ३ छोराहरू धारी महतो, किशुन महतो र छठु महतो भै वादीहरू धारी महतोका छोरा बुहारी हुन् भनी वादीले देखाएको पुस्तेवारीमा इन्कार गरी अंशियार होइनन् भनी प्रतिवाद गरेको देखिने ।

वादीले देखाएको पुस्तावली तथ्य एवम् प्रमाणसङ्गत् नभै प्रतिवादीतर्फबाट प्रस्तुत भएका तथ्यसङ्गत् प्रमाणहरू अनुसार वादीहरू प्रतिवादीको अंशियार भएको देखिन आएन । त्यसकारण फिराद दावीअनुसार वादीहरूले प्रतिवादीबाट अंश पाउने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरी वादी दावी नपुग्ने ठहर्‍याई गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।८।९ को फैसला मनासिब देखिँदा सोमा कुनै परिवर्तन गरिरहनु परेन, सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल मङ्सिर १८ गते रोज ३ शुभम् ।

- ०६६-CI-०१७६, हालैको बकसपत्र लिखत बदर, *शिवनाथ महतो कोइरीसमेत वि. लोचन महतो कोइरीसमेत*
- ०६६-CI-००९८, जालसाजी, *शिवनाथ महतो कोइरीसमेत वि. लोचन महतो कोइरी*

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** उत्प्रेषण/परमादेश, २०६८ सालको रिट नं. ०६७-WO-१००१, *कुमार कार्की वि. मालपोत कार्यालय, सिन्धुपाल्चोक चौतारासमेत*

विश्वासलायक कारणबिना ९ वर्ष ६ महिना २८ दिनपछि परेको प्रस्तुत रिट निवेदन समुचित समयभित्र नै परेको भन्न सकिने अवस्था नदेखिएको साथै कानूनबमोजिमको आधिकारिक निकाय अर्थात् भूमिसुधार कार्यालयले भूमिसम्बन्धी ऐन, २०२१ बमोजिमका प्रक्रियाहरू पूरा गरी कानूनबमोजिम गरेको कार्यले यी रिट निवेदकको संवैधानिक तथा कानूनी अधिकारमा आघात परेको भनी मान्न मिल्नेसमेत देखिन आएन । त्यसकारण विपक्षीहरूबाट कुनै कानूनविपरीतको कार्य भएको भन्ने नदेखिनुको साथै प्रस्तुत रिट निवेदन विलम्ब गरी दायर भएको हुनाले विलम्बको सिद्धान्त (Doctrine of laches) को आधारमा समेत निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल जेठ १४ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६९-WO-०६४९, उत्प्रेषण/परमादेश, *खुशीलाल साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा अभियुक्तहरूलाई कानूनको कठघरामा नउभ्याई सिधै राजनीतिक दलको सिफारिशका आधारमा उन्मुक्ति दिँदै जाने हो भने जघन्य अपराधको शृङ्खला बढ्दै गई नागरिक असुरक्षित हुँदै राज्य व्यवस्था नै सञ्चालन गर्न नसकिने अवस्थामा

पुग्न जाने हुन्छ । कस्ता प्रकृतिका मुद्दाहरू फिर्ता लिन सकिने भनी यसै अदालतद्वारा *नेकाप* २०५१, नि.नं. ४९४०, पृ. ५०४, *नेकाप* २०६३, नि.नं. ७७८१, १३८४ र *नेकाप* २०६५, नि.नं. ८०१३, पृ. ११०८ समेतका मुद्दाहरूमा नजीर प्रतिपादन भइरहेको अवस्थामा प्रतिपादित सिद्धान्तविपरीत गई सरकारले निर्णय गर्न मिल्ने देखिन नआउने ।

प्रस्तुत मुद्दाको अवस्थासमेतलाई हेर्दा द्वन्द्वकाल र मधेश आन्दोलनका अवधिमा घटेका र राजनीतिक प्रकृतिका मुद्दाहरूको वर्गीकरणभित्र राख्न मिल्ने अवस्थाको समेत नहुँदा मिति २०६९।०८।२१ को मुद्दा फिर्तालिनेसम्बन्धी निर्णय र सो सम्बन्धमा भए गरेका सम्पूर्ण कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे

इति संवत् २०७० साल पुस ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-००७४, मोही नामसारी, *मु.स. गर्ने शिवलाल चौधरी वि. आसियादेवी थरूनी*

पतिको मृत्युपश्चात् निजको मोहीयानी हक पत्नीमा सर्नसक्ने देखिँदा दावीको जग्गाको मोही नामसारी नगर्ने गरी मिति २०६६।७।२२ मा भूमिसुधार कार्यालय, सुनसरीले गरेको निर्णय उल्टी गरी इटहरी नगरपालिका वडा नं. २(ज) कि.नं. १४३ को ज.वि. ०-१-० जग्गामा पुनरावेदक वादीको नाउँमा मोही नामसारी हुने ठहऱ्याएको मिति २०६७।१०।१८ गतेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

इति संवत् २०७० साल फागुन ९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-WO-०२९०, उत्प्रेषण/परमादेश, *सीताराम अग्रवाल वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत*

नेपाल राष्ट्र बैङ्कले मिति २०६७।५।४ मा सुन चाँदी आयात तथा बिक्री व्यवस्था गर्न जारी गरेको परिपत्र नेपाल सरकारले दिएको निर्देशको प्रतिकूल रहेको वा त्यस्तो निर्देशलाई बाधा वा अवरोध हुने गरी जारी गरिएको छ भन्ने रिट निवेदकको दावीसमेत रहेको देखिएन । यसबाट नेपाल राष्ट्र बैङ्कले मिति २०६७।५।४ मा ऐनको परिधिभित्र रही जारी गरेको सुन चाँदी आयात तथा बिक्री व्यवस्थाको कानूनसम्मत् नियमन (Regulation) गर्न जारी गरेको परिपत्रले निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारमा आघात पारेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६९-WO-०४११, उत्प्रेषण, *सुरजबाबु पन्थसमेत वि. जिल्ला वन कार्यालय, गोरखासमेत*

जफत गरिएको भनिएको सवारी साधनको रूपमा रहेको ट्र्याक्टर मुद्दा चल्दाचल्दैको क्रममा रहेको जिन्सी सामान भएको र त्यस्तो सवारी साधनलाई मुद्दाको

अन्तिम किनारा भएजस्तो मुद्दा विचाराधीन भएको अवस्थामा लिलाम गर्ने वा नगर्ने भन्ने कुराको निर्क्यौल अन्तरिम आदेशले गर्न कानूनतः मिल्ने हुँदैन । फैसला हुनुअगावै उक्त सवारी साधन लिलाम गरिएमा पछि मुद्दाको अन्तिम फैसला हुँदा जफत नहुने ठहर्‍याएमा सवारीधनीलाई अपूरणीय क्षति पुग्नसक्ने ।

यिनै निवेदक प्रतिवादी र विपक्षी नेपाल सरकार वादी भएको वन पैदावार काठ चोरी निकासी मुद्दाको अन्तिम किनारा नभएसम्म उक्त दसीको रूपमा रहेको विवादास्पद सवारी साधन ट्र्याक्टर जफत हुने नहुने सम्बन्धमा अन्तिम ठहर नभएसम्म विशेषज्ञ टोलीबाट मूल्याङ्कन गराई लिलाम गरी धरौटी आम्दानीमा बाँध्नु भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०६९।१।३ को निरीक्षणको क्रममा भएको निर्देशन आदेश उक्त निर्देशनअनुसार गोरखा जिल्ला अदालतबाट मिति २०६९।३।२६ समेतमा भएको आदेश अन्यथा भन्न मिलेन । कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।५।२८ मा भएको सम्पूर्ण आदेशहरू कानूनविपरीत हुँदा उत्प्रेषणको आदेशले बदर भई रिट निवेदकको मागबमोजिमको आदेश जारी हुने ।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७० साल माघ १५ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-०१८१, निषेधाज्ञा, *खड्गबहादुर रोकाया वि. जिल्ला विकास समिति, मुगुसमेत*

स्पष्ट कानूनी व्यवस्थाको अभावमा खाईपाई सकेको तलब फिर्ता गर्नु नपर्ने र अवकाश पाउने अवधिपश्चात् बढी अवधि कार्य गरेबापत पुनरावेदकले खाईपाई सकेको तलब भत्ता सुविधा निजले प्राप्त गर्ने सञ्चयकोषलगायत अन्य सुविधा रकमबाट कट्टा गर्ने गरेको स्थानीय विकास अधिकारीको तोक आदेश न्यायसङ्गत् नभएकोले उक्त तोक आदेशबमोजिम पुनरावेदकले अवकाशपश्चात् पाउने सञ्चयकोषलगायतका सुविधा रकमबाट कट्टा नगरी सम्पूर्ण रकम भुक्तानी दिनु भनी विपक्षी कार्यालयहरूको नाममा परमादेश जारी हुने ठहरी फैसला भएकोले सोही मुद्दामा उल्लिखित आधार कारणबाट पुनरावेदकले ५८ वर्ष उमेर पूरा गरेपछि बढी अवधि कार्य गरेबापत प्राप्त गरेको तलब भत्ता सुविधा कटाउने गरी निषेधाज्ञा जारी नहुने भनी निवेदन माग खारेज गर्ने ठहर्‍याएको पुनरावेदन अदालत, जुम्लाको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

अवकाशपश्चात् निवेदकले पाउने सञ्चित घर बिदा, बिरामी बिदा, कर्मचारी कल्याण कोष, उपचार खर्च, उपदान, कर्मचारी सञ्चयकोष एवम् अन्य सुविधाको रकमबाट कट्टा नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञा जारी हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

इति संवत् २०७० साल माघ २६ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६७-CI-१४१६, निषेधाज्ञा, *लल्लु खाँ वि. साहिद अली राईसमेत*

स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा दिइएको अधिकार प्रयोग गरी दुबै पक्षलाई मौखिक सम्झाईबुझाई पठाएको

भन्नेसमेतको विषय देखिएको अवस्थामा निवेदकले भनेजस्तो तारिखमा राखेको, लेनदेनमा जबर्जस्ती कागज गराउने, थुनामा राख्नेसम्मको कार्य विपक्षीहरूबाट भएको देखिन नआएकोले पुनरावेदकले उल्लेख गरेबमोजिमको पक्राउ गर्ने, थुनामा राख्ने, आशङ्काको अवस्थाको विद्यमानता नदेखिँदा निवेदकले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआएकोले प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, नेपालगन्जले मिति २०६७।३।१६ मा निवेदकको निवेदन खारेज हुने ठहरी गरेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६८-CI-०२६७, निषेधाज्ञा, *मानबहादुर पाल वि. हरडी गाउँ जलविद्युत् प्रणाली डाडकोट र लिमेटी दार्चुलासमेत*

जुन कार्य रोक्न खोजिएको हो, सो कार्य सम्पन्न भैसकेको अवस्थासमेत पुष्टि भएको हुँदा निषेधाज्ञाको आदेश जारी हुने अवस्थाको विद्यमानता देखिँदैन । अतः उल्लिखित आधार एवम् कारणहरूसमेतबाट निवेदकको दावीबमोजिम आशङ्काको स्थिति विद्यमान नरहेको, निवेदकको दावी सत्य तथ्यमा आधारित रहेको नदेखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ठहरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।३।७ गते भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६८-CI-०९४२, निषेधाज्ञा, *जिवछीदेवी वि. बद्री मण्डलसमेत*

निवेदकले निवेदनमा उल्लेख गरेको जग्गामा निर्विवादरूपमा हाल आफ्नो हक स्थापित भएको तथ्ययुक्त प्रमाणहरू पेश गर्न सकेको पाइँदैन । निषेधाज्ञाको निवेदन तत्काल जारी नगर्दा निवेदकलाई अपूरणीय क्षति हुने अवस्थामा तत्काल कुनै कार्य रोक्नको लागि जारी गरिने प्रकृतिको आदेश हो । निवेदकले त्यस्तो अवस्थाको विद्यमानतासमेत देखाउन सकेको नहुँदा निवेदकको मागबमोजिमको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थासमेत देखिन आएन । अतः उल्लिखित आधार एवम् कारणहरूसमेतबाट निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न मिलेन, निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।९।२५ गते भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६९-CI-०३५६, निषेधाज्ञा, *मायादेवी मानन्धर वि. विजयकुमार श्रेष्ठसमेत*

निवेदिकाको नाममा दर्ता नभएको घर जग्गामा निवेदिकाको निर्विवाद हक नरहेको सम्पत्तिको सन्दर्भमा निजलाई उजूर गर्ने कुनै हकदैया रहँदैन । यसरी विपक्षीको नाममा भएको घर जग्गा दर्तावालाले भोग गर्ने गराउने सन्दर्भमा उठेको विवाद र अशान्तिको

कारण शान्ति सुरक्षा कायम राख्ने सम्बन्धमा कानूनी अख्तियारप्राप्त निकायले छलफलको लागिसम्म बोलाएको विषयलाई अन्यथा मान्न मिलेन । यसबाट निवेदकको कानूनप्रदत्त हक अधिकारमा कुनै आघात पर्ने आशङ्काको अवस्था नदेखिएकोले निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । अतः माथि विवेचित आधार एवम् कारणहरूसमेतबाट निवेदकको निवेदन खारेज हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।३।२७ गतेको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज पन्त

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७१ साल जेठ १९ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CI-०१६०, करारबमोजिम क्षतिपूर्ति रकम दिलाई पाऊँ, *प्रमोदराज शर्मा वि. राजीव गजुरेल*

प्रत्यर्थीले वादी बैङ्कसँग ४ वर्षको सेवा गर्ने गरी शर्त गरी बीचमा नै सेवा छाडी गएको अवस्थामा आफूले शर्तनामा गरेको रकम तिर्नुपर्ने दायित्व हुन्छ । जहाँसम्म यी प्रत्यर्थी प्रतिवादीले आफ्नो प्रतिउत्तरमा एभरेस्ट बैङ्क लिमिटेड, २०५६ कर्मचारी विनियमानुसारको कर्मचारी भएकोले शर्तअनुसार रकम दिनु पर्दैन भन्ने जिकीर लिए पनि २४ जुलाई २००३ मा उक्त बैङ्कमा सेवा प्रवेश गर्दा नै शर्तनामा गरेको हुँदा सो शर्तनामाको (e) अनुसार रू. २,००,०००।- तिर्नुपर्ने ।

प्रतिवादीले आफूले उक्त बैङ्कमा सेवा प्रवेश गर्दा नै शर्तानामा गरी प्रवेश गरेकोमा बीचमा सेवा गर्न छाडेमा सो शर्तनामामा उल्लेख भएको प्रावधानअनुसार क्षतिपूर्ति तिर्नुपर्ने नै देखिन्छ । पुनरावेदक/वादी एभरेस्ट बैङ्कले प्रत्यर्थी प्रतिवादी राजीव गजुरेलबाट उपरोक्त २४ जुलाई २००३ मा भएको शर्तनामाको (e) अनुसार रू. २ लाख क्षतिपूर्ति दिलाई भराई दिनुपर्नेमा वादी दावी नपुग्ने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल मङ्सिर १० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१०९४, निषेधाज्ञा/परमादेश, *रामसागर कुर्मी वि. सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, बाँकेसमेत*

निवेदकले दावी गरेको जग्गा कित्तामा आफ्नो स्वामित्त्व रहेको भन्ने कुरा निवेदनमा देखिँदैन । साथै, उक्त जग्गा कित्तामा आफ्नो स्वामित्त्व नभएको कुरालाई निवेदकले पनि स्वीकार गरेको देखिन्छ । विवादित कि.नं. १०३ को जग्गा सरकारी ऐलानी जग्गा भएको देखिन्छ । सुकुम्बासी समस्याको समाधान गर्नको लागि नेपाल सरकारबाट गठित सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, बाँकेलाई उक्त क्षेत्रभित्रका सार्वजनिक ऐलानी जग्गा पहिचान गरी त्यसलाई वितरण गर्नको लागि नेपाल सरकारले नै अधिकार प्रदान गरेको विषयमा अदालतले आदेश गरी उक्त आयोगको क्षेत्राधिकारलाई वञ्चित गर्न

मिल्ने देखिँदैन । निवेदकले सरकारी पर्ती जग्गालाई विधिवत्‌रूपमा नेपाल सरकारबाट हक हस्तान्तरण गराई आफ्नो हक कायम गरेको अवस्था नहुँदा उक्त जग्गा निवेदकको निजी प्रयोजनको लागि दिनु भनी निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६८।२।११ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१२७०, निषेधाज्ञा/परमादेश, *शकुन्तला पोखरेल वि. रूपन्देही जिल्ला, बुटवल नगरपालिका वडा नं. ६ स्थित मातृभूमि सहकारी संस्था लिमिटेडको सञ्चालक समितिसमेत*

घर बहालमा लिने दिने पक्षले घर छोड्नु छोडाउनु परेमा दुई महिनाअगावै लिखित सूचना दिनुपर्ने भन्ने देखिन्छ । विपक्षीले घर खाली गरिदिनु भनी तीन महिनाको समय दिई निवेदिकालाई सूचित गरेको, हुलाक एवम् स्थानीय स्तरमा प्रकाशित हुने तिलोत्तमा पत्रिकामा समेत सूचना प्रकाशन गरेको देखिँदा निवेदिकालाई सूचना नदिई घरबाट निकाला गर्न लागेको भन्ने देखिएन । अर्कोतर्फ मिति २०६८।४।१५ गते भएको स्थानीयस्तरको सर्वदलीय सर्वपक्षीय भेलामा एकहप्ताभित्र बहालमा बस्दै आएको घर तथा तल्लाबाट निवेदिकासमेतका व्यक्तिहरूले खाली गराई दिने भन्ने निर्णय भएको देखिन्छ । त्यसमा यी निवेदिकाको समेत सहमति रहेको भन्ने निवेदनबाटै स्पष्ट हुन्छ । यसरी विवादको विषय आपसी करारीय सम्झौताको देखिएको र करारमा उल्लेख भएबमोजिम नै आवश्यक प्रक्रियाहरू पूरा गरी विपक्षीले निवेदिकालाई घर खाली समय दिएको देखिँदा निवेदिकाको निर्विवाद हकको सिर्जना नै नभएको सम्पतिमा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।१०।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल कात्तिक २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०३५६, २०६६-RE-००४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनादेवी बुढा, नेपाल सरकार वि. जंग भन्ने झङ्कर वयक*

प्रतिवादी धनादेवी बुढाले आफ्नो घरमा मृतक चनाकुमारी वयकलाई बोलाएको भने पनि मृतक तथा यी प्रतिवादी झङ्कर वयक आफ्नो घरमा नआएको भनी अर्का प्रतिवादी धनादेवी बुढाको छोरा झङ्कर बुढा र छोरी मनसरा बुढाले मौकाको कागज तथा अदालतमा उपस्थित भै बकपत्रसमेत गरिदिएको देखिन्छ । यसबाट प्रतिवादी झङ्कर वयकले चनाकुमारी वयकलाई मार्ने योजना बनाई मृतकलाई प्रतिवादी धनादेवीले आफ्नो घरमा बोलाएको भन्ने कुरा आफ्नो घर गरी आफ्नो साथ लगी धनादेवीको घर नजिक २०६३।९।२५ गते मानिस हिँडडुल नभएको अवस्थामा मृतकको टाउको जस्तो संवेदनशील

ठाउँमा हानी पछि अर्को ढुङ्गाले हानी भागेको अवस्थामा प्रतिवादी धनादेवीको छोरा झङ्कर बुढाले देखी गाउँमा हल्लाखल्ला भै गाउँले मानिस बोलाई यी प्रतिवादी झङ्कर वयकलाई सोधपुछ गर्दा मृतक चनाकुमारीलाई मारेको कुरा स्वीकार गरेपछि यी प्रतिवादीउपर किटानी जाहेरी परेको देखिँदा प्रतिवादी झङ्कर वयकलाई ज्यानसम्बन्धी १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादी झङ्कर वयकले अदालतमा यी प्रतिवादी धनादेवी बुढालाई कसूरमा पोल गरे पनि प्रतिवादी धनादेवी बुढाले आफ्नी छोरी मनसराकुमारी बुढालाई प्रतिवादी झङ्कर वयकलाई विवाह गरे पनि निजको घरमा १ दिनमात्र बस्न दिई आफ्नो घरमा ल्याएको भनी पोल गरेको देखिँदा सो पोलकै आधारमा प्रतिवादी धनादेवी बुढालाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः देवीकुमारी चौधरी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल पुस ७ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-१०१६, उत्प्रेषण/ निषेधाज्ञा, *मेहरमान श्रेष्ठसमेत वि. पोखरा उपमहानगरपालिका कार्यालयसमेत*

ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्वका स्थलको संरक्षण, सम्वर्द्धनको कार्य गर्ने दायित्व प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले पुरातत्त्व विभागलाई सुम्पेको अवस्थामा प्रस्तुत विवादित भीमसेन मन्दिर साविक स्थानबाट अन्यत्र स्थानान्तरण गर्न लागिएको विषयमा यिनै पुनरावेदकसमेतले रिट निवेदन गर्नुपूर्व अर्थात् मिति २०६८।१२।१३ मै पुरातत्त्व विभागलाई मन्दिर संरक्षण गरिपाउँ भन्ने विषयको निवेदन गरेका र पुरातत्त्व विभागले सो सम्बन्धमा निर्णय गरिसकेको अवस्था नदेखिँदा सोही विषयमा मिति २०६८।१२।२२ मा दायर भएको प्रस्तुत रिट निवेदन क्षेत्रबाट अख्तियारप्राप्त निकायले गर्ने निर्णयलाई प्रभावित पार्ने गरी आदेश गर्नु न्यायोचित नहुने र पुरातत्त्व विभागबाट निर्णय नभएसम्मका लागि निवेदन दावीको मन्दिर स्थानान्तरण नगर्नु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी गर्ने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६९।८।२० गते भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-CI-१३५८, निषेधाज्ञा, *हरिप्रसाद शर्मा आचार्य वि. विष्णुलाल श्रेष्ठसमेत*

पुनरावेदक र विपक्षी विष्णुलाल श्रेष्ठसमेतसँग भएको पसल कवल भाडामा लगाउने सम्बन्धमा भएको सम्झौताको अवधि मिति २०६५।१२।३० मा समाप्त भएको र घरधनीहरू सबिना कर्माचार्य र विष्णुलाल श्रेष्ठले उपरोक्त पसल कवलहरू खाली गरी बाँकी रहेको भाडासम्बन्धी हरहिसाब फरफारक गरिदिन मिति २०६५।११।२८ मा लेखेको पत्रहरू निज स्वयम्ले बुझिलिएको र सोपछि पनि पटकपटक पत्राचार भएको लिखित जवाफको साथ पेश भएका पत्रका प्रतिलिपिबाट देखिएको हुँदा बिना जानकारी बलपूर्वक पसल कवल कब्जा गरिएको भन्ने निवेदन जिकीरको अवस्था

देखिएन । विवादास्पद र सबूद प्रमाण बुझी निर्णय गर्नुपर्ने विषय निषेधाज्ञाको विषयवस्तु बन्न नसक्ने ।

सुरू निवेदनसाथ पेश भएको २०६६ साल वैशाख १ गतेदेखि २०७२ चैत मसान्तसम्मका लागि पसल कवल भाडामा लिनेसम्बन्धी सम्झौताको विश्वसनीयताप्रति घरधनीहरूबाट काठमाडौं जिल्ला अदालतमा पेश भएको कीर्ते मुद्दा हाल विचाराधीन अवस्थामा रहेको भन्ने देखिएको हुँदा उक्त सम्झौता विवादरहित भन्न सकिने अवस्था रहेन । मातहत अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभाव पार्ने गरी माथिल्लो अदालतले रिट क्षेत्रमा प्रवेश गरी हस्तक्षेप गर्नु सिद्धान्ततः मिल्ने देखिँदैन । पसल कवल भाडामा लिनेदिने गरी भएको करार सम्झौताको अवधि समाप्त भइसकेको अवस्था भए भाडामा बस्ने पुनरावेदकको हक निर्विवाद रहेको भन्न मान्न सकिने अवस्थासमेत देखिएन । सो अवधिका विषयमा तल्लो अदालतमा विचाराधीन मुद्दामा हुने निर्णयानुसार हुने नै हुँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।७।१६ मा निवेदन खारेज गर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०८०७, निषेधाज्ञा, *रङ्गलाल गुरूङ वि. मोहन शाही ठकुरीसमेत*

कमला बहुमुखी क्याम्पस सञ्चालनमा रहेको स्थान जिल्ला सिन्धुली, दुधौरा गाविस वडा नं. ६ स्थित उच्च माध्यमिक विद्यालय परिसरमा क्याम्पसको नाममा जग्गा नरहेको र उच्च माध्यमिक विद्यालय सञ्चालन भइरहेको जग्गा पनि नेपाल सरकारको नाममा नापनक्सा भएको गौचर हो भन्ने तथ्यलाई निवेदक स्वयम्ले स्वीकार गरेको देखियो । दुधौली गाविस वडा नं. ८ स्थित क्याम्पसको नाममा कायम रहेको आफ्नै जग्गामा क्याम्पस भवन बनाउन क्याम्पसको विधान दुई तिहाई बहुमतबाट संशोधन गरी निर्णयसमेत भएको देखिएको छ । उक्त भवन बनाउन त्रिभुवन विश्वविद्यालय अनुदान आयोगबाट समेत अनुदान प्राप्त गरी सार्वजनिक सम्पत्तिका रूपमा भवन निर्माण भइरहेको अवस्थामा सो कार्यलाई गैरकानूनी वा दुराशययुक्त मान्न नसकिने हुँदा पुनरावेदन अदालत, जनकपुरले रिट निवेदन खारेज गर्ने ठहर गरी मिति २०६९।६।१६ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-१२२६, परमादेश, *रामानन्दप्रसाद यादव वि. मोहमद राजा हुसेन*

निवेदक मोहमदराजा हुसेनले मुआब्जा पाउन दावी लिई पेश गरेको जग्गाको स्वामित्व सम्बन्धमा कुनै विवाद नभएको र सो जग्गा विगत २०३५ सालदेखि नै बागमती सिंचाई आयोजनाको कम्पाउन्डभित्र परेको तथ्यलाई समेत पुनरावेदकले अन्यथा भन्न सकेको देखिँदैन । यतिका लामो समयसम्म व्यक्तिको जग्गा भोग गर्ने आयोजनाले नागरिकको भौतिक सम्पत्ति नियन्त्रणमा लिएपछि समयमै

कानूनबमोजिमको क्षतिपूर्ति वा मुआब्जा वितरण गरेको आधार प्रमाण देखाउन सकेको देखिएन । निवेदकले २०६८।४।२२ मा मुआब्जाका लागि निवेदन गरेपछि मात्र आयोजनाले सो जग्गा प्राप्ति गर्नेतर्फ तदारूखता देखाई मिति २०६९।१।२० को निर्णयबाट मात्र उक्त जग्गा आयोजनाको नाममा हस्तान्तरण भई आएको देखिन्छ । कानूनबमोजिम अधिग्रहण भएको जग्गाको मुआब्जा दिनुपर्ने दायित्व आयोजनाकै रहेको र जिल्ला प्रशासन कार्यालय, सर्लाहीको अभिलेखबाट जग्गाधनी वा निवेदकले यसपूर्व उक्त जग्गाको मुआब्जा लिइसकेको भन्ने अवस्था देखाउन वा पहिले कारवाही उठी टुङ्गिसकेको देखाउन नसकेको र निवेदकले उल्लिखित जग्गाको मुआब्जा पाउनुपर्ने विषयमा विपक्षीहरूको विमति नरहेको भन्ने लिखित जवाफबाट देखिएको समेतका आधारहरूबाट २०३५ सालदेखि पुनरावेदकको कम्पाउन्डभित्र रही निवेदकको भोग टुटेको जग्गाको सोही अवस्थामा जग्गा प्राप्ति ऐनको प्रक्रियाअन्तर्गत क्षतिपूर्ति वा मुआब्जा दिएको अवस्था पुनरावेदक विपक्षीले देखाउन नसकेकोबाट सो जग्गा सरकारी निकायका रूपमा रहेको पुनरावेदकको भोगमा ३०/३५ वर्षपहिले नै आएकोमा सो जग्गाको मूल्याङ्कन अत्यधिक गरिएको लिखित जवाफ रहेको महसूस गरी पुनः मूल्याङ्कन गर्नुपर्ने भए सो परिप्रेक्ष्यमा यथोचित मूल्याङ्कन गरी उचित, उपयुक्त र न्यायोचित क्षतिपूर्ति दिन पुनरावेदन अदालत, जनकपुरले आदेश जारी गर्ने ठहर गरी मिति २०६९।८।१९ मा गरेको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०७४०, उत्प्रेषण, *मु.स.गर्ने रामचन्द्र महतो वि. गायत्रीदेवीसमेत*

विपक्षी गायत्रीदेवीले भूमिसुधार कार्यालय, सप्तरीमा मोही जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरिपाउन मिति २०६१।१२।३०, मि.नं. ६०७०।१२०९७ मै निवेदन दर्ता गराएको र मोही बंकु महतोको मिति २०६२।९।१८ मा मात्र मृत्यु भएको भन्ने लिखित जवाफबाट देखिँदा मृतक व्यक्तिका विरूद्धमा मोही बाँडफाँड मुद्दा दिएको भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । अर्कोतर्फ भूमिसुधार कार्यालय, सप्तरीबाट मिति २०६२।१२।३१ मा गायत्रीदेवीको निवेदन र प्रतिउत्तर जिकीरसमेत सुनी जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गर्ने निर्णय भए तापनि सो निर्णयउपर मिति २०६८।२।२९ मा मात्र उत्प्रेषणको निवेदन दायर भएको देखिँदा लामो समयपछि मात्र भूमिसुधार कार्यालयको निर्णयउपर चित्त नबुझेको भनी न्यायिक उपचारका लागि याचना गर्नुको उचित र पर्याप्त कारण निवेदकले खुलाउन सकेको देखिँदैन । अनुचित विलम्बको सिद्धान्तसमेतबाट प्रस्तुत निवेदन जिकीर आधारयुक्त मान्न सकिएन । मोही लगत कट्टा भई जग्गाधनीको कायम भएको कि.नं. ३४२ को जग्गा मिति २०६७।११।२५ र.नं. १४३५१ को राजीनामाबाट अन्यत्र हक हस्तान्तरणसमेत भइसकेको अवस्था देखिएबाट तेस्रो पक्षको हकाधिकारमा असर पर्ने गरी प्रस्तुत रिट क्षेत्राधिकारबाट बोल्न मिल्ने अवस्थासमेत नदेखिँदा पुनरावेदन अदालत, राजविराजको मिति २०६८।११।१४ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकीर

पुग्न नसक्ने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-CI-०४६९, निषेधाज्ञा/परमादेश, *वारिस भै आफ्नो हकमा समेत जगमोहनी भन्ने गर्भी दासिन वि. टुनाई पण्डित*

जिल्ला उदयपुर, साविक गाईघाट गा.वि.स. वडा नं. २(घ) कि.नं. ०९७ क्षेत्रफल २-१६-६ जग्गा हंश कविर टक्सार आश्रमको हकभोग स्वामित्वको हो भन्ने तथ्यमा विवाद छैन । उक्त आश्रमको आधिकारिक महन्थ को हो भन्ने विवाद देखिए तापनि सोसम्बन्धी विवादको निरूपण प्रस्तुत रिट क्षेत्राधिकारबाट हुनसक्ने देखिँदैन । गुठी आश्रममा पूजाआजा भजन कीर्तन सञ्चालन हुने र सर्वसाधारणलाई समेत त्यसको उपयोग गर्न निषेध गर्न नसकिने भएबाट उक्त आश्रमलाई सार्वजनिक प्रकृतिको मान्नुपर्ने देखिन आयो । सार्वजनिक प्रकृतिको कसैको हकभोगको जग्गामा अन्य व्यक्तिले घर निर्माण गर्ने वा अन्य किसिमले अतिक्रमण गरेको विषयमा आवश्यक छानबिन गरी कारवाही गर्ने अधिकार सम्बन्धित नगरपालिकालाई नै रहेको र प्रस्तुत विवादको विषयमा त्रियुगा नगरपालिकाले घर निर्माणको कार्यलाई रोक्का राखी कारवाहीको प्रक्रिया अगाडि बढाएको अवस्थासमेत देखिँदा विपक्षी जगमोहिनी भन्ने गर्भीदासिन, नत्थुदास चौधरी र दुःखीदास चौधरीको नाममा दावीको जग्गामा कुनै निर्माण कार्य नगर्नु भनी निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।३।२० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केशवप्रसाद घिमिरे

इति संवत् २०७० साल चैत २३ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-CI-०१३१, अंश, *आशाराम लोनियासमेत वि. शान्तिदेवी लोनिया*

स्वयम् वादी र विवाह गरी लगेको भन्ने व्यक्तिसमेतले विवाह भएको कुरालाई इन्कार गरेको अवस्थामा प्रतिवादीहरूको आरोपको आधारमा मात्र विवाह भएको भनी अनुमान गर्न नमिल्ने ।

प्रतिवादीहरूले वादीको अन्यत्र नै विवाह भइसकेको भनी प्रतिवाद गरे पनि त्यस कुराको ठोस प्रमाण देखाउन सकेको देखिँदैन । वादीका बाबुले छोरी हराएको आशङ्कामा जिल्ला प्रहरी कार्यालयमा दर्ता गरेको उजूरीको आधारमा छोरीको अन्यत्र नै विवाह भई गएको भनी अनुमान गर्न नमिल्ने हुँदा वादीले प्रतिवादीबाट अंश पाउने ठहर्‍याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।१२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल असोज ९ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-००२६, उत्प्रेषण, *विदुर वनसमेत वि. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय कमलादी, काठमाडौंसमेत*

आयकर ऐन, २०५८ को दफा ८१(१) मा हेर्दा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्तिको स्वीकृत अवकाश

कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । साथै आयकर नियमावली, २०५९ को नियम २० को उपनियम ६९(क) मा भएको व्यवस्थालाई हेर्दा ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरूमा कर्मचारी वा कामदारको सञ्चय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याजलगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित बिदावापतको रकममा कर छूट हुने भनी उल्लेख गरेको देखिन्छ । यस कानूनी व्यवस्थालाई हेर्दा आर्थिक ऐन र नियमावली प्रारम्भ भएपछि उपदान तथा सञ्चित बिदावापतको रकममा कर छूट हुने भनी उल्लेख गरेको देखिन्छ । यस कानूनी व्यवस्थालाई हेर्दा आर्थिक ऐन र नियमावली प्रारम्भ भएपछि उपदान तथा सञ्चित बिदावापतको रकममा समेत पन्ध्र प्रतिशत कर लाग्ने नै देखिन्छ । निवेदकहरूको निवेदन व्यहोरा र लिखित जवाफसमेतबाट मिति २०५८।१२।१८ पछिको उपदान रकममा मात्र पन्ध्र प्रतिशतका दरले कर लगाइएको देखिँदा त्यसलाई गैरकानूनी भन्न नमिल्ने हुँदा कानूनबमोजिम लगाइएको करलाई गैरकानूनी रूपमा लगाइएको हो भनी निवेदन जिकीर लिँदैमा कानूनमा भएको व्यवस्थाप्रतिकूल अवधारणा बनाउन मिल्दैन । तसर्थ कानूनबमोजिम लगाइएको करले निवेदकको कुनै पनि हकाधिकार हनन् भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम् ।

१३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०३८४, उत्प्रेषण, *लालमणि लम्सालसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत*

बढुवा भनेको माथिल्लो पदले प्राप्त गर्ने तलबलगायतका सुविधा प्राप्त गर्ने विषयमात्र नभई बढुवा भएको कर्मचारीको जिम्मेवारीमा समेत फरक पर्ने अवस्था हो । नेपाल स्वास्थ्य सेवा ऐनमा भएको स्तरवृद्धिको व्यवस्थालाई हेर्दा एकैतहमा लामो समयसम्म काम गरिरहेका कर्मचारीको मनोभावनामा निराशा नआओस् भन्ने दृष्टिकोणबाट समयसीमाको आधारमा अपनाइने पद्धतिका रूपमा ग्रहण गरिएको पाइन्छ । जसले पदोन्नति भएपछि पनि साविकको पदले गर्नुपर्ने सेवा गर्नुपर्ने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ को उपदफा (७घ) ले गरेको कानूनी व्यवस्थाअनुसार निवेदकहरूको स्तरवृद्धि भएपछि निजहरूले स्तरवृद्धि भएको छैठौं तहले गर्नुपर्ने भनी तोकिएको काम गर्न नपाउने भई साविक पाँचौं तहका लागि तोकिएको काम गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदकहरूको छैठौं तहमा बढुवा भएको नभई स्तरवृद्धिसम्म भएको कुरामा विवाद छैन । उक्त स्तरवृद्धिबाट निजहरूले गर्नुपर्ने साविकको कामको प्रकृतिबमोजिम नै हाल स्तरवृद्धि भएको पदअनुसार नै कार्य गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको सन्दर्भमा निवेदकहरूलाई छैठौं तहको अर्थात् माथिल्लो तहको पदनाम नदिएको कार्यले निवेदकहरूको कुनै कानूनी हक हनन् भएको भन्न मिलेन । शैक्षिक योग्यताको अभावमा कतिपय कार्य गर्न

गराउन असम्भव हुन्छ । स्तरवृद्धिको अर्थ स्वास्थ्य सहायकको योग्यता भएको व्यक्तिलाई एमबीबीएस गरेको डाक्टरले गर्नसक्ने र पाउने चिरफार सल्यचिकित्सा (अप्रेशन) लगायतका काम पनि गर्न दिनुपर्छ भन्ने नहुँदा बढुवा र स्तरवृद्धिलाई कानूनी व्यवस्थाले नै फरकफरक व्यवस्था गरी दुई बढुवाको कामको प्रकृतिसमेत फरकफरक तोकेको स्थिति हुँदा निवेदकहरूको पाँचौं र वरिष्ठ पाँचौं तहबाट छैठौं तहमा भएको भए पनि निजको कामको जिम्मेवारीमा वृद्धि नगरी साविककै काम दिने गरी स्वास्थ्य सेवा विभागबाट भएको स्तरवृद्धिसम्बन्धी कार्यबाट यी निवेदकहरूको कुनै कानूनी हक हनन् भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम् ।

१४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६५-WO-०९०५, उत्प्रेषण, *रामप्रसाद गौतम वि. नागरिक लगानी कोषसमेत*

आफूले पत्रिकामा प्रकाशित सूचना नपढेको कारणबाट अन्तर्वार्तामा सहभागी हुन नपाएको आधारमा नै गोरखापत्रमा प्रकाशित सूचनालाई अन्यथा हो भनी भन्न नमिल्ने ।

अन्तर्वार्ताको लागि उत्तीर्ण भएका प्रत्येक परीक्षार्थीलाई भेटेर वा टेलिफोन गरेर मौखिक सूचना दिन सम्भव हुन सक्दैन । निवेदकलाई सूचना नदिई दुराशययुक्त काम विपक्षीबाट भएको भए यो उत्प्रेषणको विषय बन्दथ्यो । तर, गोरखापत्रमा सूचना प्रकाशित गरी अन्तर्वार्तामा सरिक हुन निवेदकसमेतलाई आह्वान गरिएको अवस्थामा दुराशयको तत्त्व प्रकटरूपमा नदेखिने ।

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिकरूपमा नै सूचना प्रकाशित गरी अन्तर्वार्ताको लागि बोलाएपछि सो मितिमा अन्तर्वार्तामा सहभागी हुन नगई लिखित परीक्षा उत्तीर्ण गरेको छु भन्ने कारण देखाई आफूखुशी आफ्नो अनुकूलको समयमा उपस्थित भई पुनः अन्तर्वार्ता गराई अन्तिम नतिजा प्रकाशन गरिपाऊँ भनी भन्न मिल्ने देखिँदैन । आफ्नो हक नै सिर्जित हुन नसकेको विषयलाई लिई दिइएको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम् ।

१५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६९-WO-१०८६, उत्प्रेषण, *फणिन्द्रदत्त शर्मा वि. न्याय परिषद्, सर्वोच्च अदालत एनेक्स भवनसमेत*

निवेदकले आफ्नो अवकाश मितिको सम्बन्धमा २०६३।१।२८ मा नै जानकारी पाएपछि पनि सोउपर आफ्नो असहमति व्यक्त गरेको र त्यसउपर कानूनी कारवाही गरेको देखिँदैन । निवेदकले मिति २०६३।१।२८ मा नै आफ्नो अवकाश मिति २०७०।१।३ रहेको जानकारी पाए पनि चुप लागी २०६९।१२।२९ मा मात्र रिट निवेदन गर्दा आफ्नो अवकाश मिति २०७०।८।५ हुनुपर्ने भनी विलम्ब गरी अदालत प्रवेश गरेको पाइँदा निवेदकले विलम्बको कुनै औचित्य र आधार निवेदनमा खुलाउन नसकेबाट यस विलम्बलाई अनुचित विलम्ब नै मान्नुपर्ने ।

निवेदककै सोधनीपश्चात् न्याय परिषद्ले मिति २०६३।१।२८ मा दिएको पत्रमा निजको अवकाश उमेर २०७०।१।३ भनी

स्पष्ट लेखिएको र सो पत्र निवेदक स्वयम्ले सोही मितिमा नै बुझिलिएको देखिँदा र यस विषयमा निजले इन्कार गर्नसमेत नसकेबाट अनुचित विलम्ब गरी अदालत प्रवेश गर्ने निवेदकलाई सहयोग गर्न नसकिने भई निवेदनमा उठाइएका अन्य प्रश्नमा प्रवेश गर्न नपर्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल कात्तिक २४ गते रोज १ शुभम् ।

१६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-CR-०११७, जारी, *नन्दराम लोनिया वि. शान्तिदेवी लोनियासमेत*

प्रतिवादी शान्तिदेवी लोनियालाई प्रतिवादी पुसे लोनियाले जारी गरेको भन्ने दावीलाई प्रतिवादी दुबैजनाले इन्कार गरेका छन् । वादीले उनीहरू विवाह गरेर बसेको भनी जिकीर गरे पनि त्यसको कुनै ठोस प्रमाण पेश गरी आफ्नो दावीलाई प्रमाणित गर्न सकेको देखिँदैन । महिला स्ययंले र विवाह गरी लगेको भन्ने व्यक्तिसमेतले विवाह भएको कुरालाई इन्कार गरेको अवस्थामा वादीको आरोपको आधारमा मात्र विवाह भएको भनी अनुमान गर्न मिल्दैन । प्रतिवादीका बाबुले छोरी हराएको भनी जिल्ला प्रहरी कार्यालयमा दिइएको उजूरीका सम्बन्धमा अ.बं. १३९ नं. बमोजिम सुरू अदालतबाट झिकाई बुझ्दा बाबुले अदालतसमक्ष आई छोरी हराएको नभै फुपूको घरमा गै बसेको र हाल माइतीमै आई आफ्नो साथमा नै बसेको र अन्यत्र विवाह भएको छैन भनी उजूरीको खण्डन हुने गरी बकपत्र गरिदिएको देखिँदा प्रतिवादीहरूले जारी गरेको भन्ने वादी दावी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगन्जबाट मिति २०६७।११।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

इति संवत् २०७० साल असोज ९ गते रोज १ शुभम् ।

## इजलास नं. ६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** २०६७ सालको पुनरावेदन नं. ०६७-CR-०१९७, ०४१४, कर्तव्य ज्यान, *कपिलेश्वर साह वि. नेपाल सरकार, नेपाल सरकार वि. पशुपति साह*

पुनरावेदन अदालतले यी प्रतिवादीलाई परिस्थितिजन्य प्रमाणबाट कसूरदार ठहऱ्याएको देखिन्छ । तत्सम्बन्धमा पुनरावेदन अदालतले व्यक्त गरेको सैद्धान्तिक अवधारणासँग सहमत हुन सकिए पनि प्रस्तुत वारदातका सम्बन्धमा सो अदालतले आधार लिएको मूल्याङ्कन र निष्कर्षसँग सहमत हुन नसकिने कुरा माथि उल्लेख भएबमोजिम मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीको शरीरमा रगत र वीर्य आदि लागेको नपाइएको, जाहेरवाली बिहान ४.०० बजे उठी दाउरा खोज्न गएकी भन्ने निजको जिकीर वादीका साक्षी सुशीला देवीबाट खण्डन भएको शव परीक्षण प्रतिवेदनमा जबर्जस्ती करणी भएको र त्यसको लक्षण रहेको भनी उल्लेख हुन नसकेको अवस्थामा मृतक बच्ची लडेको कारणबाट मिति २०६५।१।३ मा सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको, प्रतिवादी नशाको सुरमा रहेको कुरा पनि प्रमाणित हुन नसकेको समेतको अवस्था तथा मृतक बच्चीलाई प्रतिवादीले करणी गर्दा यौन सन्तुष्टिसमेत पाउन नसक्ने र मार्नुपर्ने कारण

र औचित्य पनि आउन नसकेको समेतका कारणहरूले गर्दा प्रस्तुत मुद्दामा प्रतिवादीविरूद्ध परिस्थितजन्य प्रमाण आकर्षित हुने अवस्था देखिँदैन । परिस्थितिजन्य प्रमाण आकर्षित हुनका लागि प्रतिवादीले कसूर गरेको होइन भनी शङ्का गर्नुपर्ने कुनै ठाउँ हुनुहुँदैन र प्रतिवादीले कसूर गरेको भन्ने बाहेक अरू निष्कर्षको सम्भावना रहनुहुँदैन । माथि उल्लेख भएको अवस्थाहरूलाई नजरअन्दाज गरी परिस्थितिजन्य प्रमाणको दुहाई दिनु सो प्रमाणको दुरूपयोग हुन जान्छ । परिस्थितिजन्य प्रमाणले पनि ठोस र शङ्कारहित तवरबाट अभियुक्तको कसूर प्रमाणित हुनुपर्छ र शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने मान्यतालाई शिरोपर गरेको हुन्छ । प्रस्तुत मुद्दामा त्यस्तो अवस्था नदेखिएको र अनुमान र शङ्कालाई परिस्थितिजन्य प्रमाणको संज्ञा दिन नमिल्ने हुँदा पुनरावेदन अदालत, राजविराजले परिस्थितिजन्य प्रमाणको गलत प्रयोग गरी प्रतिवादीलाई कसूरदार ठहऱ्याएको फैसलासँग सहमत हुन नसकिने ।

प्रतिवादीउपरको अभियोग दावीलाई वादी नेपाल सरकारले निर्विवाद र शङ्कारहित तवरले प्रमाणित गर्न नसकेकोले यी प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । पुनरावेदक प्रतिवादीलाई सुरू सप्तरी जिल्ला अदालतले मुलुकी ऐन, जबर्जस्ती करणीको महलको १ नं. प्रतिकूलको कार्य गरेकोले सोही महलको ३(१) नं. बमोजिम १५ वर्ष कैद र सोही ऐनको ज्यानसम्बन्धीको महलको १ नं. प्रतिकूलको कार्य गरेकोले सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको र त्यसलाई केही उल्टी गरी पुनरावेदन अदालत, राजविराजले यी पुनरावेदक प्रतिवादी पशुपति साहलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. को भवितव्यको कसूरमा सोही महलको ६(२) नं. बमोजिम रू. ५००।- जरीवाना गरेको दुबै फैसला उल्टी भई पुनरावेदक प्रतिवादी पशुपति साहले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः लोकनाथ पराजुली

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७१ साल जेठ २१ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०११६, सवारी ज्यान, *नेपाल सरकार वि. ठगबहादुर कार्की*

प्रतिवादीले अदालतमा बयान गर्दा आफूले चलाएको गाडीले ठक्कर दिई मृतक भीमबहादुरको मृत्यु भएको कुरा स्वीकार गरी स.ज. ८ मा मेरो साइडमा जान लाग्दा मेरो साइडमा मानिसहरू एक्सरसाइज गर्दै थिए त्यसैले मैले गाडी बिहानको खुल्ला बाटो हुँदा दायाँ साइड च्यापी गाडी चलाउँदा मृतक सोही ठाउँमा आएकोले ठक्कर लाग्न गएको हो भनी गरेको बयानसमेतबाट बायाँ साइडमा एक्सरसाइज गरिरहेका मान्छेलाई बचाउन दायाँ साइड च्यापी गाडी चलाउँदा मृतकलाई ठक्कर लागी चोट लाग्न गई सोही चोटको कारणले मृत्यु भएको देखिएको हुँदा यस अदालतबाट प्रस्तुत मुद्दामा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने ।

प्रतिवादी ठगबहादुर कार्कीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को

दफा १६१(३) बमोजिम ६ महिना कैद हुने ठहर्‍याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६४।५।१३ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

कम्प्युटरः सबिना अधिकारी

इति संवत् २०७० साल असार १९ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७२६, उत्प्रेषण, *दिनकर ठाकुर लोहार वि. भागवत ठाकुर लोहारसमेत*

सम्बन्धित मुद्दामा तायदाती फाँटवारी सम्बन्धमा जिल्ला अदालतले आदेश गरी विपक्षीमध्येका भागवत ठाकुर लोहार एवम् निजकी पत्नी सुनरपतीदेवीसँग यिनै वादी एवम् प्रतिवादीहरूबीच चलेको दे.नं. १९९२ को अंश मुद्दा मानो छुट्टिएको मितिसमेत कायम गरी तायदाती फाँटवारी मागिसकेको आधारमा प्रस्तुत मुद्दामा निजहरूसँग तायदाती फाँटवारी मागिरहन नपर्ने भनी गरेको मिति २०६९।११।९ को रौतहट जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाले गरेको मिति २०७०।१०।९ गतेको आदेशलाई निवेदन मागबमोजिम असाधारण अधिकारक्षेत्र ग्रहण गरी उत्प्रेषणको आदेश जारी गर्ने कुराबाट सुरू जिल्ला अदालतमा विचाराधीन रहेको सो मुद्दामा यस अदालतबाट अनावश्यक हस्तक्षेप गरिरहनु औचित्यपूर्ण देखिन नआएकोले विपक्षीहरूसँग लिखित जवाफसमेत मगाइरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल वैशाख ४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०७०-WO-०७६७, उत्प्रेषण, *उत्तमराज कायष्ठ वि. दीपकराजा गोर्खाली श्रेष्ठसमेत*

अंश मुद्दा सम्बन्धमा भएको फैसला अन्तिम भई मिति २०७०।६।१७ मा अंशबन्डासम्बन्धी मुचुल्कासमेत भैसकेको कुरा निवेदन ब्यहोराबाटै देखिनुको साथै प्रस्तुत निवेदनको प्रकरण (क) मा उल्लेख भएअनुसारको लेनदेन मुद्दासम्बन्धी बिगोको सम्बन्धमा कानूनबमोजिम नै हुने हुँदा निवेदन मागअनुसार पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१२।१३ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी अन्तिम भैरहेको अंशसम्बन्धी मुद्दाको फैसलाअनुसार भएको बन्डा मुचुल्काअनुसारको कार्य रोकिराख्नु औचित्यपूर्ण नहुनाले विपक्षीहरूसँग लिखित जवाफसमेत मगाइरहनु परेन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगन्नाथ पौडेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७१ साल जेठ ८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०५१०, उत्प्रेषण/परमादेश, *विकाशराज पाण्डे वि. दिगम्बर पाण्डेसमेत*

बन्डा मुचुल्काबाट विवाह खर्चवापत कि.नं. ११८ को ज.बि.०-७-९ मध्ये पश्चिमतर्फबाट ज.बि. ०-६-५ जग्गा पर सारिएको भन्ने

देखिन्छ । उपरोक्त तथ्यबाट विवाह खर्चवापत जग्गा नै छुट्याइएको र त्यसमा निवेदकलगायतका सबै अंशियारहरूको सहमति रहेको भन्ने देखिन आयो । यस अदालतमा पेश गरेको निवेदनमा नै बन्डा मुचुल्का तयारी फर्मेटको खाली ब्यहोरामा आफ्नो सही गराएको पछि फाँटवालाले ब्यहोरा थपेको कुरा उल्लेख गरेको पाइन्छ । यस विरूद्ध यथासमयमा कुनै चुनौती नदिएकोबाट समेत यो कुरा असत्य र बनावटी रहेको थप पुष्टि भएको हुँदा मिति २०६९।५।११ को बन्डा मुचुल्कामा कुनै पनि कानूनी त्रुटि नरही सम्पूर्ण कामकारवाही रीतपूर्वक गरिएको भन्ने देखिन्छ । सबै वादी प्रतिवादीहरूले बन्डा मुचुल्कामा विवाह खर्चवापत जग्गा पर सार्ने गरी सहमति गरिसकेको अवस्थामा फैसलामा भएको अङ्कसम्बन्धी त्रुटिलाई सच्याउने कार्यले मुद्दामा सम्पन्न भइसकेको कामकारवाहीलाई बदर गर्न मिल्ने देखिँदैन । यसरी रौतहट जिल्ला अदालतबाट भएको मिति २०६९।६।५ तथा मिति २०६९।११।१८ को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।४।१७ मा भएको आदेश न्यायसङ्गत् देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

इति संवत् २०७१ साल माघ १३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०५४६, उत्प्रेषण/परमादेश, *शिववचन शाहसमेत वि. शिवराम राजवंशीसमेत*

न्यायिक प्रक्रिया व्यक्तिको हक संरक्षणार्थ समर्पित हुन्छ । छलकपट, ढिलाइ र परपीडा जस्ता तत्त्वहरूबाट न्यायिक प्रक्रिया सदैव टाढा हुन्छ । लेनदेन मुद्दा निवेदकले अन्तिम तहबाट हारेको कुरामा निवेदकको मञ्जूरी नै छ । सो अन्तिम फैसलाबमोजिम तिर्न बुझाउन निवेदक बाध्य नै छन् । यो दायित्वलाई पूरा गर्नु निजको कानूनी कर्तव्य नै हो । प्रस्तुत मुद्दामा सम्पति लिलाम भइसकेको नभई केवल मूल्याङ्कनसम्म सम्पन्न भएको देखिन्छ । जेथाको उचित चलनचल्तीको मूल्याङ्कन कायम गरीमात्र लिलामी कारवाही अघि बढाउनु भन्नेसम्मको दावी देखियो । तिर्नुपर्ने ठहरेको कानूनबमोजिमको रकम तिरेमा निजको सम्पति लिलाम नहुने कानूनी अवस्था छ । सोतर्फ नलागी प्रक्रिया पुगी भएको पञ्चकृते मूल्याङ्कनमा रौं चिरा त्रुटि देखाउने प्रयिस गर्नु न्यायिक प्रक्रियाको दुरूपयोगको नमूना हो । यस्ता प्रयासलाई साथ दिई सेवाग्राहीहरूलाई वास्तविक न्यायको अनुभूति दिने फैसला कार्यान्वयनको स्वाभाविक गतिमा ढिलाइ वा अवरूद्धता प्रकट गरिदिन यो अदालत स्वयम् माध्यम बन्न सक्दैन । तसर्थ उक्त पञ्चकृते मूल्याङ्कन मूल्यबाट निवेदन जिकीर जस्तो मर्का पर्ने भए अन्तिम लिलाम प्रक्रिया हुनुअगावै वादीको बिगो प्रतिवादीले जहिलेसुकै पनि यी निवेदकले तिर्नसक्ने अवस्थाको विद्यमानता रहिरहेको अवस्थामा जेथाको उचित मूल्याङ्कन भएन भनी चलनचल्तीको मूल्याङ्कन कायम गरी लिलामी प्रक्रिया अगाडि बढाउनु भनी लिएको जिकीर कानूनसम्मत् नदेखिँदा निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७० साल माघ २३ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती,** ०७०-WO-०६२२, परमादेश, *विश्वामित्र पाण्डेय वि. एच एन्ड बी*

*डेभलपमेन्ट बैङ्क लिमिटेड, डिल्लीबजार, काठमाडौंसमेत*

विपक्षी बैङ्कबाट यी निवेदकले कर्जा लिएको र चुक्ता गर्न बाँकी रहेको कुरालाई अन्यथा हो भन्न नसकी स्वीकार गरिरहेको अवस्थासमेत भएबाट निवेदकको निवेदन लेखाइबमोजिम निजका मौलिक हकमा आघात परेको भन्ने कुरा प्रारम्भिकरूपमै देखिँदैन । काठमाडौं जिल्ला अदालतमा चलिरहेको मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म घर जग्गा लिलाम नगर्नु भनी यस अदालतले हस्तक्षेप गर्न मिल्दैन । आवश्यक र औचित्यका आधारमा सुरू अदालतले नै हेर्नसक्ने विषयमा यस अदालतले क्षेत्राधिकार ग्रहण गर्न मिल्दैन । मूलतः निवेदकको माग र परमादेशको प्रकृतिमा नै मेल खाँदैन । कानूनले तोकेको कर्तव्य परिपालन गराउन सार्वजनिक निकायलाई जारी हुने परमादेश काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म लिलाम नगर्न एउटा वित्तीय संस्थाका लागि जारी हुन नसक्ने हुँदा रिट निवेदनमा गरे बिराएको अवस्था नदेखिँदा कारण देखाउन आदेश जारी गरी मुद्दालाई अगाडि बढाउन नमिली प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०७० साल चैत ११ गते रोज ३ शुभम् ।

## रीत/बेरीत आदेश

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-RE-०१७७, डाँका चोरी, *नेपाल सरकार वि. लक्ष्मण तामाङसमेत*

प्रतिवादीहरू आरोपित कसूरमा काठमाडौं जिल्ला अदालतमा इन्कारी भै बयान गरे पनि वारदातस्थलमा उपस्थित रहेको तथ्यलाई स्वीकारेकै पाइएको, अधिकारप्राप्त अधिकारीसमक्ष कसूरमा साबिति रहेको, जाहेरवालीले यी प्रतिवादीद्वयसमेतको कसूरमा संलग्नता रहेको भनी किटानी जाहेरी दिएको साथै प्रतिवादीहरूले आरोपित कसूर गरेको भनी सनाखतसमेत गरिदिएको देखिएकोले तत्काल प्राप्त प्रमाणबाट प्रतिवादीहरूले आरोपित कसूर गरेको कुराको पुष्ट्याइँ भैरहेकोले निजहरूबाट जनही रू.५०,०००।- नगद वा सो रकम खाम्ने जेथाजमानी दिनसके लिई तारिखमा राख्नु र दिन नसकेमा थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु भनी जिल्ला अदालतबाट मिति २०७०।१।१६ मा भएको आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।२८ को आदेश बेरीतको देखिँदा बदर हुने ।

इति संवत् २०७१ साल साउन ९ गते रोज ६ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०००५, उत्प्रेषण, *शिवलाल पासवान वि. शिक्षक सेवा आयोगसमेत*

दलित कोटाअन्तर्गत दिइएको परीक्षामा गैरदलितलाई उत्तीर्ण गराई नतिजा प्रकाशन गरेको कार्य प्रथम दृष्टिमा नै मिलेको नदेखिँदा दुबै पक्षलाई अन्तरिम आदेशमा छलफलका लागि मिति २०७१।४।१९ को पेशी तारिख तोक्नु । तबसम्मको लागि मिति २०७१।३।१६ को निर्णय कार्यान्वयन नगर्नु,

नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन ११ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली,** ०७१-WO-०००८, उत्प्रेषण, *नेत्रबहादुर लिम्बु वि. शिक्षा मन्त्रालयसमेत*

सम्बन्धन खारेज गर्ने सम्बन्धमा कानूनबमोजिमको सूचना नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत विद्यालयको दर्ता खारेज गरेको निर्णय प्रथम दृष्टिमा मिलेको नदेखिँदा दुबै पक्षलाई राखी छलफल गर्नुपर्ने देखिएकोले मिति २०७१।४।१८ को पेशी तारिख तोक्नु । तबसम्म मिति २०६९।६।३ को स्थगन गरेको निर्णय र मिति २०७१।३।३० को सम्बन्धन खारेज गरेको तथा मिति २०७१।३।३१ को पत्रसमेत हाल कार्यन्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी,** ०७१-WO-००२५, उत्प्रेषण, *ह्याप्पी आवर प्रा.लि.का तर्फबाट अख्तियारीप्राप्त सुरेन्द्रबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७१।१।५ को निर्णय कार्यान्वयनको क्रममा सोही मितिमा लेखिएको च.नं. ४५०८ को पत्रमा निवेदक ह्याप्पी आवर प्रा.लि. को इजाजतपत्र नवीकरण गर्ने समयावधि मिति २०७१।१।६ सम्म रहेको भनी स्पष्टरूपमा उल्लेख गरेको पाइन्छ । यसरी इजाजतपत्र नवीकरण गर्न पाउने अवधि बाँकी रहेकै अवस्थामा विपक्षी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट भएको निर्णयमा कार्यविधिगत त्रुटि विद्यमान भई निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च) समेत द्वारा प्राप्त वैयक्तिक स्वतन्त्रता र धारा १८ बमोजिम व्यवस्थित रोजगारीसम्बन्धी हकमा आघात पुग्ने र सम्पत्तिसम्बन्धी हकमा अपूरणीय क्षति हुनुका साथै सुविधा सन्तुलनको दृष्टिबाट समेत निजलाई मर्का पर्ने देखिँदा उक्त मिति २०७१।१।५ को निर्णय र सो कार्यान्वयनको लागि निवेदक प्रा.लि.लाई लेखिएको पत्र प्रस्तुत रिटको टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु, निवेदकलाई यथावत् पेशा रोजगारी र व्यवसाय सञ्चालन गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन १५ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०००७, उत्प्रेषण, *वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चका तर्फबाट र आफ्नो हकमा समेत अधिवक्ता पदमबहादुर श्रेष्ठ वि. काठमाडौं महानगरपालिकासमेत*

साधारण अवस्थामा परमादेशको रिट निवेदनबाट अन्तरिम आदेश जारी गरिने प्रचलन कमैमात्र गरिने विषयवस्तुभित्र पर्ने भए तापनि निवेदकद्वारा निवेदनसाथ पेश गरिएका फोटोसमेतका सामग्रीहरूबाट यो इजलास आफैं मर्माहत भएको महसूस गर्दछ । यस स्थितिमा काठमाडौं महानगरपालिकाको सुन्दरतामा निखार ल्याउन पनि तत्काले स्वच्छ वातावरण कायम गर्ने कार्यको

थालनी तत्कालै गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को निमय ४१(१) बमोजिम अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन १४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०९५६, उत्प्रेषण, *अशोक जन्दार वि. पुनरावेदन अदालत, विराटनगरसमेत*

निवेदकले विपक्षीमध्येका परशुराम जन्दारसँगको अंश मुद्दाबाट प्राप्त गरेको कि.नं. ३७२२ समेतको जग्गाबाट विपक्षी परशुराम जम्दार र अशोक मण्डलबीच चलेको लेनदेन मुद्दाको बिगो भराउ कार्य गर्दा निजको सम्पतिसम्बन्धी हकमा असर पर्न जाने देखिँदा सुविधा सन्तुलनको दृष्टकोणले प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।३।१२ को आदेश कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०७१ साल साउन १४ गते रोज ४ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**